मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## ठोरी र भिस्वा नाकाबाट भारतीय सवारीसाधन प्रवेश सुचारु



**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको ठोरी र भिस्वा नाकाबाट भारतीय नम्बर प्लेटका सवारीसाधन नेपाल प्रवेश सुचारु भएको छ । ठोरी स्थीत अमृत छोटी भन्सारबाट भारतीय सवारी नेपाल प्रवेश मंगलबार देखि नै सुरु भएको हो

*बाँकी पृष्ठ २ मा*

● वर्ष ४ ● अंक २३१ ● २०८३ साल असार २५ गते बिहीबार ● Thursday 09, July 2026 ● सूर्योदय: बिहान ०५:१७ बजे ● सूर्यास्त: साँझ ०७:०३ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

### नेपाल–भारत खुला सीमा:

# मधेशमा लागूऔषधको अवस्था भयानक

**युवापुस्ताको भविष्य जोखिममा, सीमापारबाट बढ्दो अवैध आपूर्ति चिन्ताको विषय**



***नेपाल–भारत खुला सीमाको दुरुपयोग गर्दै मधेशमा लागूऔषधको अवैध ओसारपसार बढिरहेको छ। सीमापारबाट सहज आपूर्ति, बेरोजगारी, गलत संगत र कमजोर पारिवारिक निगरानीका कारण किशोर तथा युवा लागूऔषधको कुलतमा फसिरहेका छन्। यसले चोरी, लुटपाट, हिंसा र सामाजिक विकृति बढाएको सुरक्षा निकायको निष्कर्ष छ।***

**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाल–भारत खुला सीमाको दुरुपयोग गर्दै लागूऔषधको अवैध ओसारपसार बढ्दै जाँदा मधेश प्रदेशमा यसको प्रयोग गर्ने युवाको संख्या चिन्ताजनक रूपमा वृद्धि भएको छ । लागूऔषधको कुलतले विशेषगरी किशोर र युवाको पारिवारिक, सामाजिक तथा व्यक्तिगत जीवनमा गम्भीर असर पार्नुका साथै विभिन्न प्रकारका आपराधिक गतिविधिसमेत बढाएको सरोकारवालाहरू बताउँछन् । भारतसँग सीमा जोडिएका मधेश प्रदेशका आठ जिल्लामा करिब ३ सय ६५ किलोमिटर खुला सीमा रहेकाले सीमापारका बजारबाट प्रतिबन्धित औषधि सहजै नेपाल भित्रिने गरेको छ । सीमावर्ती भारतीय बजारमा लागूऔषध सजिलै उपलब्ध हुने र त्यसको निगरानी चुनौतीपूर्ण हुँदा धेरै युवा यसको लतमा फसिरहेका छन्।

प्रहरीको तथ्यांकअनुसार धनुषामा मात्रै पछिल्ला तीन वर्षमा लागूऔषधसम्बन्धी १ सय ७० मुद्दा दर्ता भएका छन् भने २ सय २० जना पक्राउ परेका छन् । पक्राउ पर्ने तथा प्रयोगकर्तामध्ये अधिकांश १५ देखि २८ वर्ष उमेर समूहका युवा रहेका छन्।

गृह मन्त्रालयको सर्वेक्षणले पनि मधेश प्रदेशमा २० वर्षमुनिका लागूऔषध प्रयोगकर्ताको संख्या राष्ट्रिय औसतभन्दा निकै बढी रहेको देखाएको छ। सर्वेक्षणअनुसार प्रदेशमा १४ दशमलव ८ प्रतिशत प्रयोगकर्ता २० वर्षभन्दा कम उमेरका छन्, जबकि देशभर यस्तो अनुपात ७ दशमलव ४ प्रतिशत मात्रै छ।

लागूऔषधको बढ्दो प्रयोगसँगै चोरी, लुटपाट, हिंसात्मक घटना, सामाजिक विकृति तथा सवारी दुर्घटनामा वृद्धि भएको सुरक्षा निकायको निष्कर्ष छ । अभिभावकको कमजोर निगरानी, गलत संगत, बेरोजगारी र सीमापारबाट हुने अवैध आपूर्तिलाई यसको प्रमुख कारणका रूपमा हेरिएको छ।

मधेश प्रदेश प्रहरीले सञ्चालन गरेको लागूऔषध प्रयोगकर्ता खोजी तथा सुधार अभियानअन्तर्गत दुई महिनाको अवधिमा ४ हजार ९ सय १६ जनाको परीक्षण गर्दा २ सय ६४ जना लागूऔषध प्रयोगकर्ता फेला परेका थिए । तीमध्ये २ सय २० जनालाई अभिभावकको जिम्मा लगाइएको छ भने २३ जनाविरुद्ध कानुनी कारबाही अघि बढाइएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

नेपाल प्रहरीको लागूऔषध नियन्त्रण ब्युरोका अनुसार देशभर लागूऔषधसम्बन्धी पक्राउ पर्नेको संख्या पनि निरन्तर बढिरहेको छ। आर्थिक वर्ष २०७७÷०७८ मा ४ हजार ६ सय २६ जना पक्राउ परेकामा आर्थिक वर्ष २०८१÷०८२ मा यो संख्या बढेर ७ हजार ८ सय ९० पुगेको छ। सीमा क्षेत्रबाट भित्रिने लागूऔषध मधेशमा मात्र सीमित नरही देशका अन्य भागसम्म पुग्ने गरेको तथ्यांकले देखाउँछ।

यद्यपि प्रहरी, प्रदेश तथा स्थानीय सरकार, विद्यालय, युवा क्लब र सामाजिक संस्थाले सचेतनामूलक अभियान सञ्चालन गरिरहेका छन् । विद्यालयमा संवाद कार्यक्रम, प्रहरी–समुदाय साझेदारी र जनचेतनामूलक गतिविधि भए पनि अपेक्षित रूपमा लागूऔषध नियन्त्रण हुन सकेको छैन।

सरोकारवालाहरूका अनुसार लागूऔषध नियन्त्रणलाई प्रभावकारी बनाउन सीमा क्षेत्रमा निगरानी थप कडा बनाउनुका साथै परिवार, विद्यालय, समुदाय र तीनै तहका सरकारबीच समन्वय आवश्यक छ । लागूऔषधविरुद्धको अभियान प्रहरीको मात्रै जिम्मेवारी नभई सम्पूर्ण समाजको साझा दायित्व भएको उनीहरूको भनाइ छ।

### कालिकामाई गाउँपालिका:

# कर्मचारी कुटिएको विरोधमा आन्दोलन



*कालिकामाई गाउँपालिकाका कर्मचारीमाथि कुटपिट भएको विरोधमा कर्मचारीहरू पेनडाउन आन्दोलनमा उत्रिएका छन् । घटनामा दुई जना पक्राउ परेका छन् भने पालिकाको कामकाज ठप्प बनेको छ ।*

मधेशदृष्टि
वीरगंज।
पर्साको कालिकामाई गाउँपालिकामा कार्यरत एक कर्मचारीमाथि कार्यालय परिसरभित्रै जनप्रतिनिधीको समेत संलग्नतामा कुटपिट भएको भन्दै सो को विरोधमा गाउँपालिकाका कर्मचारी आन्दोलनमा उत्रिएका छन् । दोषीमाथि कडा कानुनी कारबाहीको माग गर्दै उनीहरूले पेनडाउन आन्दोलन सुरु गरेका हुन्।

मंगलबार मध्यान्ह गाउँ कार्यपालिकाको कार्यालयभित्र कम्प्युटर अपरेटर चन्दन कुमार चौरसियामाथि कुटपिट तथा दुव्र्यवहार गरेको कर्मचारीहरूको भनाई छ। कर्मचारी आन्दोलनका कारण बुधवार पालिकाको काम कारवाई ठप्प रहयो । कर्मचारीहरूले घटनामा संलग्न कालिकामाई गाउँपालिका वडा नं. ३ का वडाअध्यक्ष सञ्जय कुमार पटेल, वडा नं. २ निवासी राजनिश कुशवाहालगायत संलग्न व्यक्तिहरू माथि कानुन बमोजिम कारवाईको माग गरेका छन्।

कर्मचारीहरूले प्रमुख जिल्ला अधिकारी भोला दाहालसमक्ष ज्ञापनपत्र बुझाएका छन्। सरकारी कार्यालयमा कार्यरत कर्मचारीको सुरक्षा सुनिश्चित गर्नु पर्ने र दोषीलाई कानुनअनुसार कडा कारवाई हुनुपर्ने उनीहरूको माग छ । माग पूरा नभएसम्म गाउँपालिकाका सबै कर्मचारीले नियमित कामकाज नगरी जिल्ला प्रशासन कार्यालयमा धर्ना दिने तथा पेनडाउन आन्दोलनलाई निरन्तरता दिने चेतावनी दिएका छन्।

कर्मचारी आन्दोलन प्रति ऐकेबद्धता जनाउँदै गाउँपालिका मातहतका सबै विद्यालयसमेत बन्द भएका छन् । यसैविच इलाका प्रहरी कार्यालय पोखरियाले घटनामा संलग्न रहेको आरोपमा कालिकामाई गाउँपालिका–२ निवासी रामबालक साह कानु र अरविन्द चौरसियालाई पक्राउ गरेको जनाएको छ । घटनामा संलग्न अन्य व्यक्तिहरूको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ।





# गुठीको जग्गा जोगाउन ९ सदस्यीय समिति, दुई साता भित्र अतिक्रमित जग्गा खाली गर्न निर्देशन

**मधेशदृष्टि**
**जनकपुरधाम।**
भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले बृहत्तर जनकपुर क्षेत्रभित्र रहेका गुठी जग्गा, ऐतिहासिक पोखरी तथा धार्मिक सम्पदाको संरक्षणका लागि ९ सदस्यीय कार्यान्वयन समिति गठन गरेको छ । समितिलाई गुठी सम्पत्तिमा भएको अतिक्रमण हटाएर संरक्षण तथा व्यवस्थापनको कामलाई प्रभावकारी रूपमा अघि बढाउने जिम्मेवारी दिइएको छ।

गुठी संस्थानका गुठी प्रशासक ध्रुव घिमिरेको संयोजकत्वमा गठित समितिमा जिल्ला प्रशासन कार्यालय धनुषा, जिल्ला समन्वय समिति, भूमि व्यवस्थापन तथा अभिलेख विभाग, भूमि प्रशासन कार्यालय, नापी कार्यालय तथा गुठी संस्थान शाखा कार्यालय धनुषाका प्रतिनिधिहरू सदस्यका रूपमा रहेका छन्।

मन्त्रालयका अनुसार समितिले जनकपुरधाम उपमहानगरपालिका क्षेत्रभित्र रहेका रामजानकी मन्दिर, प्रमुख मठ–मन्दिर, पोखरी, पोखरीका डिल तथा अन्य गुठी जग्गाको अवस्था अध्ययन गर्दै अतिक्रमण हटाउने प्रक्रिया अघि बढाउनेछ । यसका लागि विगतमा उच्चस्तरीय कार्यदल, सरकारी तथा सार्वजनिक जग्गा संरक्षण सम्बन्धी जाँचबुझ आयोग र गुठी जग्गासम्बन्धी विभिन्न प्रतिवेदनले दिएका सुझावहरू कार्यान्वयनमा ल्याइनेछ।

कार्ययोजनाअनुसार मन्दिर परिसर, पोखरी र पोखरीका डिलमा भएको अतिक्रमण पहिचान गरी सम्बन्धित पक्षलाई सात दिनभित्र स्वेच्छाले जग्गा खाली गर्न सूचना जारी गरिनेछ। त्यसैगरी अन्य गुठी जग्गामा घर–टहरा निर्माण गरेर बसोबास गरिएकाहरूलाई १५ दिनभित्र अतिक्रमण हटाउन निर्देशन दिइनेछ । निर्धारित समयभित्र अतिक्रमण नहटाइए स्थानीय प्रशासन र सम्बन्धित स्थानीय तहको समन्वयमा थप १५ दिनभित्र अतिक्रमण हटाउने मन्त्रालयको योजना छ। सम्पूर्ण प्रक्रिया सम्पन्न भएपछि समितिले प्रगति प्रतिवेदन मन्त्रालयमा बुझाउनुपर्ने व्यवस्था गरिएको छ।

मन्त्रालयले समिति गठनसँगै बृहत्तर जनकपुर क्षेत्रका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्वका गुठी सम्पत्तिको संरक्षण, व्यवस्थापन र अतिक्रमण नियन्त्रणको कामलाई प्रभावकारी रूपमा अगाडि बढाइने विश्वास व्यक्त गरेको छ।

# अवैध रुपमा नेपाल प्रवेश गर्न खोजेका बंगलादेशी नागरिक पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
भारत–नेपाल सीमा क्षेत्रअन्तर्गत रक्सौलस्थित इन्डो–नेपाल मैत्री पुलबाट अवैध रूपमा नेपाल प्रवेश गर्न खोजिरहेका एक बंगलादेशी नागरिकलाई भारतीय सशस्त्र सीमा बल (एसएसबी) ले पक्राउ गरेको छ। मंगलबार राति नियमित गस्ती तथा सघन जाँच अभियानका क्रममा ती व्यक्तिको गतिविधि शंकास्पद देखिएपछि एसएसबीले रोकेर कागजात जाँच गरेको थियो । जाँचका क्रममा उनीसँग बंगलादेशको राहदानी फेला परेपछि उनी बंगलादेशी नागरिक भएको पुष्टि भएको सुरक्षा स्रोतले जनाएको छ।



पक्राउ पर्ने व्यक्ति २७ वर्षीय एमडी शियाम हुसेन रहेको भारतीय सञ्चारमाध्यमहरूले जनाएको छ। उनी बंगलादेशको मुन्सीगञ्ज जिल्ला निवासी रहेको उनको राहदानीबाट खुलेको छ । एसएसबीका अनुसार प्रारम्भिक सोधपुछका क्रममा उनले आफ्नो वास्तविक परिचय लुकाउने प्रयास गर्दै हिन्दु नाम बताएको पाइएको छ। उनीसँग भारत प्रवेशका लागि आवश्यक भिसा वा अन्य वैध कागजात नभएको पनि सुरक्षा निकायले जनाएको छ।

प्रारम्भिक अनुसन्धानका क्रममा उनी यसअघि पनि भारत–नेपाल सीमा क्षेत्रमा आवतजावत गरेको हुन सक्ने आशंका गरिएको छ । यद्यपि, त्यसको आधिकारिक पुष्टि भइसकेको छैन । सुरक्षा निकायले उनको मोबाइल फोन, यात्रा मार्ग, नेपालमा सम्भावित बसाइ, भारतमा रहेका सम्पर्क तथा नेपाल प्रवेशको उद्देश्यबारे विस्तृत अनुसन्धान गरिरहेको जनाएको छ । आवश्यक कानुनी प्रक्रिया पूरा गरेपछि एसएसबीले उनलाई हरैया थाना प्रहरीको जिम्मा लगाएको छ।

प्रहरीले उनी वैध अनुमति बिना भारतमा कसरी बसिरहेका थिए, नेपाल प्रवेशको उद्देश्य के थियो र यस घटनामा कुनै संगठित नेटवर्कको संलग्नता छ वा छैन भन्ने विषयमा अनुसन्धान अघि बढाएको छ। हरैया थाना प्रमुख किशन कुमारका अनुसार पक्राउ परेका व्यक्तिमाथि गहन सोधपुछ तथा आवश्यक कानुनी प्रक्रिया जारी छ । हालका दिनहरूमा भारत–नेपाल सीमाबाट अवैध प्रवेशका घटनाहरू बढ्न थालेपछि एसएसबीले सीमा क्षेत्रमा निगरानी, गस्ती तथा कागजात जाँचलाई थप कडाइ गरेको जनाएको छ।

# जग्गा विवाद हिंसात्मक: चक्कु प्रहारबाट एक जनाको मृत्यु

**मधेशदृष्टि**
**रौतहट।**

रौतहटको ईशनाथ नगरपालिका–३ औरैयामा जग्गा विवादले उग्र रूप लिँदा चक्कु प्रहारबाट एक जनाको मृत्यु भएको छ भने अर्का एक जना घाइते भएका छन् । जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार मंगलबार राति करिब ८ बजे स्थानीय रामबहादुर साह, बुटन साह तथा रामऔतार साह र उनका छोरा रामेश्वर साहबीच जग्गाको स्वामित्वलाई लिएर भएको विवाद कुटपिटमा परिणत भएको थियो।

विवादका क्रममा रामेश्वर साहले बुटन साहमाथि चक्कु प्रहार गरेका थिए।

ढाडमा गम्भीर चोट लागेका बुटन साहलाई तत्काल उपचारका लागि प्रादेशिक अस्पताल गौर पु¥याइएको थियो । तर उपचारकै क्रममा राति करिब ९ बजे चिकित्सकले उनलाई मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायव उपरीक्षक वसन्त गौतमले जानकारी दिए।

घटनामा रामबहादुर साह पनि टाउकोमा चोट लागेर घाइते भएका छन् । उनको स्थानीय स्वास्थ्य संस्थामा उपचार भइरहेको प्रहरीले जनाएको छ । घटनापछि प्रहरी टोलीले चक्कु प्रहारमा संलग्न रहेको आरोपमा रामेश्वर साह र रामऔतार साहलाई नियन्त्रणमा लिएको छ । घटनाको कारण र अन्य पक्षबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

# ६ वटा हेलिकप्टर सहायताका निम्ति प्रस्ताव

**मधेशदृष्टि**
**काठमाडौँ।**

नेपाली सेनाले १० करोड अमेरिकी डलर (१५ अर्ब १८ करोड रुपैयाँ) बराबरको ६ वटा वेल हेलिकप्टर सहायता निम्ति अमेरिकासमक्ष प्रस्ताव पठाएको छ । सेनाले रक्षा मन्त्रालय हुँदै परराष्ट्र मन्त्रालयमार्फत प्रस्ताव पठाएको हो । यसअघि वैशाखको दोस्रो साता अमेरिकाले काठमाडौंस्थित आफनो दूतावास हुँदै परराष्ट्र मन्त्रालयमार्फत नेपाली सेनालाई ६ वटा हेलिकप्टर अनुदान सहायतास्वरुप उपलब्ध गराउने प्रस्ताव गरेको थियो । त्यसपछि अमेरिकाले हेलिकप्टर नेपाली सेनाका निम्ति आवश्यक हो वा होइन, हो भने कस्ता हेलिकप्टर र कतिवटा आवश्यक हो भनी सोधेको थियो । तर, त्यो दुई महिना बित्दासम्म जवाफ पठाउन सकेको थिएन।

नेपाली सेनाले सरोकारवाला निकायसँग लामो छलफल गरी ६ वटै हेलिकप्टर आवश्यक रहेको उल्लेख गरी हालै अमेरिकालाई प्रस्ताव पठाएको हो।

# रथयात्राबारे मुख्यमन्त्रीसँग विशेष छलफल



**मधेशदृष्टि**
**जनकपुरधाम।**

वीरगंजको प्रसिद्ध धार्मिकस्थल गहवामाई रथयात्राको विषयमा मधेश प्रदेशका मुख्यमन्त्रीसँग विशेष छलफल भएको छ । यही असार ३२ गते निकालिने भव्य रथयात्राबारे छलफल गर्न रथयात्रा संचालन समितिको टोली मुख्यमन्त्री कृष्ण कुमार यादवसँग भेटघाट गर्दै विशेष छलफल गरेको हो।

छलफलको क्रममा रथयात्रालाई कसरी भव्य एवं सभ्य तरिकाले निकालिने र त्यसको लागि चाहिने पूर्वाधारदेखि जनशक्ति कसरी परिचालन गरिनेबारे छलफल भएको थियो । सो क्रममा गहवामाई रथयात्राको क्रममा प्रदेश सरकारबाट हुने सम्पूर्ण सहयोग गर्ने मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रतिबद्धता जनाएका थिए।

सो रथयात्रा संचालन समितिका अध्यक्ष श्याम पटेलको अध्यक्षतामा भएको भेटघाट कार्यक्रममा पर्यटनमन्त्री अनिस पटेल, कृषिमन्त्री श्याम पटेल, वनमन्त्री शंकर चौधरी, अर्थमन्त्री युवराज भट्टराई तथा पूर्वमुख्यमन्त्री सतिश कुमार यादव लगायतको उपस्थिति रहेको थियो।

# धनुषा–सिरहा जोड्ने झोलुङ्गे पुल पर्यटक गन्तव्य बन्दै

**जनकपुरधाम।**



धनुषा र सिरहालाई जोड्ने कमला नदीमा निर्माण गरिएको देशकै दोस्रो लामो झोलुङ्गे पुल सञ्चालनमा आएपछि त्यस क्षेत्र पर्यटक गन्तव्य स्थलका रूपमा विकास र विस्तार भएको छ । पुल निर्माणपछि पछिल्लो समय दुवै जिल्लाका स्थानीयलाई एक अर्को जिल्लामा आवतजावत गर्न समेत सहज भएको छ । कमला नदीमाथिको झोलुङ्गे पुलबाट त्यस वरपरको मनमोहक दृश्यावलोकन गर्नेको पछिल्ला दिनमा भीड नै लाग्न थालेको छ । पुलबाट वरपरको दृश्य समेट्नेगरी टिकटक बनाउन र फोटो खिच्न तँछाडमछाड गरेको देखिन्छ।

करिब एक हजार ५४४ मिटर लामो उक्त झोलुङ्गे पुलले धनुषाको जनकनन्दिनी गाउँपालिका–४ कठाल र सिरहाको सिरहा नगरपालिका–१३ मल्हनियालाई जोडेको छ । पुल निर्माणसँगै वर्षौंदेखि डुङ्गा तथा वैकल्पिक जोखिमपूर्ण माध्यम प्रयोग गरेर नदी वारपार गर्नुपर्ने स्थानीयको बाध्यता अन्त्य भएको धनुषाको जनकनन्दनी गाउँपालिका–३ का सन्दीप साहले बताए । सङ्घीय सरकारको रु २८ करोडको लागतमा निर्माण भएको थियो । निर्माण सम्पन्न भएर २०८० साल माघबाट पुल सञ्चालनमा आएपछि विद्यालय, स्वास्थ्य संस्था, सरकारी कार्यालय तथा बजारसम्म पुग्न लाग्ने समय उल्लेख्य रूपमा घटेको छ।

अहिले दैनिक ठूलो सङ्ख्यामा नागरिकले त्यस पुलमार्फत सहज रूपमा आवतजावत गरिरहेका छन् । पुल निर्माणपछि दुई जिल्लाबीचको सामाजिक, सांस्कृतिक र आर्थिक सम्बन्धलाई थप मजबुत बनाएको जनकनन्दनी गाउँपालिका–३ कै रोशन यादवको विश्वास छ । पुल निर्माणपछि छिमेकी मुलुक भारतको बिहारबाट आउने पर्यटकलाई समेत सहज पहुँच भएको छ । नजिकका धार्मिक तथा पर्यटकीय क्षेत्र घुम्न आउने भारतीय पर्यटकको संख्या बढ्न थालेपछि स्थानीय होटल, रेष्टुरेन्ट, पसल तथा साना व्यवसायी उत्साहित भएको स्थानीय मोहम्मद इमामुलको भनाइ छ।

हुलाकी सडक खण्डअन्तर्गत कमला खोलामा नवनिर्मित पुल भत्किएपछि झोलुङ्गे पुल कमलानदी वारपार गर्नेको सङ्ख्या पछिल्लो समय बढेको छ । 'पहिले नदी तर्न डुङ्गामा निर्भर रहनुपर्ने अवस्था रहेकाले वर्षायाममा आवतजावत निकै कठिन हुने गरेको थियो', इमामुलले भने, 'अहिले पुल सञ्चालनमा आएपछि वर्षभरि सुरक्षित र सहज रूपमा यात्रा गर्न सहज भएको छ । ' स्थानीय किसानले उत्पादन गरेका कृषि उपज, दुग्धजन्य वस्तु तथा अन्य सामग्री बजारसम्म पुर्याउनसमेत सहज भएको छ।

यातायात खर्च र समय दुवै घटेकाले कृषक तथा साना उद्यमी प्रत्यक्ष लाभान्वित हुने अपेक्षा गरिएको छ । पुल आसपासका क्षेत्रमा चिया पसल, होटल, किराना, फलफूल तथा अन्य साना व्यवसाय विस्तार हुन थालेका छन् । स्थानीयले पर्यटन र व्यापारसँग सम्बन्धित नयाँ व्यवसाय सञ्चालन गरेकाले रोजगारी सृजना र स्थानीय अर्थतन्त्रसमेत चलायमान बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

कमला नगरपालिका–६ का मनोज यादव उक्त पुललाई केवल आवतजावतमा मात्र सीमित नगराई दुई जिल्लाको विकास, सामाजिक एकता र आर्थिक समृद्धिको आधारका रूपमा लिइनुपर्ने बताउछन् । उनका अनुसार पुलबाट शिक्षा, स्वास्थ्य, कृषि, व्यापार र पर्यटनका क्षेत्रमा दीर्घकालीन सकारात्मक प्रभाव पार्नेछ । जनकनन्दनी गाउँपालिकाका अध्यक्ष विपिनदेव यादवले उक्त झोलुङ्गे पुलको अधिकतम उपयोग गर्दै आसपासका क्षेत्रमा सडक, बजार, पर्यटकीय पूर्वाधार तथा अन्य सेवा विस्तारका कार्यक्रम अघि बढाइने बताए । रासस

# असार नसकिँदै रित्तियो आँप

**महोत्तरी।**

मध्य जेठदेखि भदौ मसान्तसम्म आँप पाक्ने सिजन हो । तर, असार महिना पूरा नहुँदै महोत्तरीका किसानको बगैँचाबाट सबै प्रकारका आँप सकिएका छन्।

महोत्तरीमा यो मौसम फल पाक्ने सिजन हो । जात अनुसार चाँडो र ढिलो पाक्ने आँप यस वर्ष असार नसकिदै रित्तिएका छन् । आँपलाई फलको राजा मानिन्छ । जेठ मध्यदेखि १५ असारसम्म बम्बई, असार १५ देखि मसान्तसम्म मालदह र कृष्णभोग, त्यसपछि साउन लाग्नासाथ कलकितया, आम्रपाली, अभिया, मल्लिका, जर्दा, हर्दिया र गुलावखाससहितका आँपको मौसम सुरु हुन्छ । तर यसपालि पाक्ने मध्य बेलामै आँपक बोट खाली भइसकेको भङ्गाहा–४ रामनगरका किसान हरिदेव साह बताउनुहुन्छ।

हेर्नुहोस् न १ बगैँचामा पछि पाक्ने आँप पनि थिए, तर असार–१५ ताका नै बगैचा रित्तोभयो । साह भन्छन्, बगैँचा ठेकेदारलाई बेचियो, सबै आँप टिपेर लगे । साउन लागेपछि पाक्ने कलकतिया, आम्रपाली, मल्लिका, स्वर्णरेखा र हर्दियासहितका आँपका बोट पनि अहिले असार मसान्त अघि नै सकिएका छन् । यसपालि असार लागेदेखि मध्यसम्म दिनभरि अचाक्ली गर्मी र रातभरि वर्षा हुने क्रमले आँपका फल सड्दै झर्ने क्रम बढेपछि समयअघि नै बेच्नुपरेको अर्का किसान गङ्गाराम महतोले बताए । भदौमा पाक्ने अभिया र भदैयाँसहितका आँपका बोट पनि असार नसकिँदै रित्तिएका छन्।

पछि पाक्ने आँप पहिले नै बिक्री गर्दा त्यसलाई पकाउन कार्बाइडको प्रयोग गर्नुपर्छ । कार्बाइड प्रयोग भएको आँप एक त स्वादिलो हुँदैन, भने अर्का स्वास्थ्यका लागि हानिकारक हुन्छ भने चाँडै विबm◌ी गर्दा किसानले उचित मूल्य नपाएका गुनासो सुनिन्छ।

बोटमै पाकेको आँप स्वादिष्ट र स्वस्थ्यकर हुन्छ । तर, किसानको धानखेतीको समय सुरु भएकाले चाँडै अन्य काम सक्नका लागि आँप पाक्ने समय नहुँदै आँप बेचेर रोपाइँमा किसान लागेका बर्दिबास–१२ बिजलपुराका किसान विश्वनाथ सिंह बताउँछन् । महोत्तरीमा तीन हजार हेक्टर क्षेत्रफलमा आँपको बगैँचा फैलिएको कृषि ज्ञान केन्द्र महोत्तरीले जनाएको छ । यहाँका आँप किसान नजिकै आँप प्रशोधन उद्योग र चिस्यानघर नहुँदा हतारमै आँप बिक्री गर्न बाध्य छन् । ग्रामीण किसानका यो समस्या यहाँको स्थानीय सरकारले नसुनेको गौशाला–१० बटुवाका ७० वर्षीय किसान लक्ष्मीप्रसाद सिंह बताउँछन् । रासस

# बाख्रापालनले बदल्दै ग्रामीण महिलाको जीवन



**जनकपुरधाम।**

बिहानको झिसमिसेमै धनुषाको बटेश्वर गाउँपालिका–२ सीतापुरका रागेश्वरी कुमारी दनुवारको बाख्रा खोरबाट मिमियाहट सुनिन्छ । हातमा घाँसको बोरा बोकेर खोरतर्फ लागेकी दनुवारको अनुहारमा अहिले फरक आत्मविश्वास झल्किन्छ । केही वर्षअघि आर्थिक अभावको चिन्ता देखिने उनको अनुहारमा अहिले छुट्टै किसिमको चमक देखिन्छ । दैनिक घरखर्च जुटाउन सङ्घर्ष गर्दै आएकी दनुवारको भविष्य अन्योलमा थियो। आज भने उनी गाउँका अन्य महिलाका लागि प्रेरणाको स्रोत बनेकी छन्।

हाम्रो जीवन केही वर्षअघि निकै कठिन थियो, अरूको खेत अधियाँमा जोतेर परिवार चलाउनुपर्ने अवस्था थियो, दनुवार भन्छिन्, पहिला दैनिक खर्च जुटाउनै मुस्किल पर्ने भएकाले भविष्यबारे ठूलो सपना देख्ने अवस्था थिएन, तर परिस्थितिसँग हार मानिनन् । दुई वटा स्थानीय बाख्रा पालेर सुरु गरेको प्रयास बिस्तारै व्यवसायमा परिणत भयो, चार वटा बाख्राबाट सुरु भएको बाख्रा फार्ममा अहिले बोयर जातका बाख्रा, खसी र बोकासहित करिब २१ वटा रहेको उनको भनाइ छ।

उत्पादन बढाउने उद्देश्यले उनले बोयर जातका पाठा र बोका ल्याएर स्थानीय जातसँग क्रस प्रजनन गराए। 'बोयर जातका बाख्रा छिटो बढ्ने, रोग प्रतिरोधी हुने र मासु उत्पादन बढी हुने भएकाले बजारमा राम्रो मूल्य पाइन्छ', दनुवार भन्छिन्, 'त्यही भएर बाख्रापालन फस्टाउँदै गएको छ, यसपालि अझै बाख्रा थप्ने योजना छ ।' सुरुमा गाउँलेले उनको निर्णयप्रति आशङ्का व्यक्त गरे । 'विदेशी बाख्रा पालेर के हुन्छ ?' भन्ने टिप्पणी पनि सुनिन् तर अहिले त्यही गाउँलेहरू उनको खोरमा पुगेर व्यवस्थापन सिक्न थालेका छन् । उनको परिवार अहिले ऋण तिर्ने अवस्थाबाट नियमित आम्दानी गर्ने चरणमा पुगेको छ । दुई कट्ठा जग्गा घाँसखेती गरेकी उनलाई पशु आहारको समस्या छैन । बजारमा खसीबोकाको माग बढिरहेकाले उत्पादन बिक्रीमा पनि कठिनाइ नरहेको उनी बताउँछिन्।

उनका अनुसार बाख्रापालनले परिवारको आर्थिक अवस्था मात्र सुधारेको छैन, समाजमा सम्मानसमेत बढाएको छ । रागेश्वरीदेवीको सफलता व्यक्तिगत उपलब्धिमा सीमित छैन । यसबाट गाउँका अन्य महिला पनि बाख्रापालनप्रति आकर्षित भएका छन् । बटेश्वर गाउँपालिका–२ का मनिताकुमारी सिंह नेतृत्वमा गठन भएको 'राजदेवी पशुपालक समूह' महिला उद्यमशीलताको केन्द्र बनेको छ । समूहमा आबद्ध २५ जना महिलाले घरायसी कामपछि बाँकी समयलाई उत्पादनमूलक काममा लगाउन थालेका छन् । एकअर्काबाट सिक्ने, अनुभव साट्ने र समस्याको सामूहिक समाधान खोज्ने संस्कृतिले महिलाको आत्मविश्वास बढाएको छ।

सोही ठाउँका ललितादेवी ठाकुर पनि परिवर्तनको अर्को उदाहरण हुन् । पहिले धानबाली र तरकारीखेती गर्दै आएकी ठाकुरले पनि बाख्रापालन रोजेकी छन् । अहिले आफ्नै जग्गा र भाडामा लिएको जमिनमा घाँसखेती गर्दै व्यवसाय विस्तार गरिरहेकी उनी बाख्रापालनलाई नै आम्दानीको मुख्य स्रोत बनाएकी छन्।

'सुरुमा एउटा बाख्रा मात्र पालेको थिएँ, रागेश्वरी दिदीले बाख्रापालनबाट राम्रो फाइदा भएको देखेपछि मैले पनि बाख्रापालनलाई व्यावसायिक रुपमा अघि बढाएँ', ललिता भन्छिन्, 'अहिले १७ वटा बाख्रा पालेकी छु, अझै बढाउने सोचमा छु।'

सोही ठाउँका अर्की कृषक सरितादेवी सिंह पनि बिहानदेखि बेलुकासम्म बाख्राको स्याहारसुसारमा व्यस्त रहेकी छन् । उनका लागि बाख्रापालन आम्दानीको माध्यम मात्र होइन, सक्रिय र सम्मानजनक जीवन जिउने आधार बनेको छ । यसरी महिला समूहको सक्रियताले गाउँको सामाजिक संरचनामा परिवर्तन ल्याएको छ । पहिले व्यक्तिगत रूपमा काम गर्ने महिला अहिले समूहमार्फत योजना बनाउने, सरकारी निकायसँग समन्वय गर्ने, बैंकसँग कारोबार गर्ने र सामूहिक रूपमा बजार खोज्ने काममा सक्रिय छन्।

यसले उहाँहरूमा नेतृत्व क्षमता विकास हुनुका साथै सामाजिक सम्बन्ध पनि मजबुत भएको छ । बटेश्वर गाउँपालिकामा सक्रिय 'राजदेवी पशुपालन समूह'ले सदस्यलाई घाँसखेती, प्रजनन व्यवस्थापन, खोर सुधार, रोग नियन्त्रण तथा आधुनिक पशुपालनसम्बन्धी तालिम उपलब्ध गराउँदै आएको छ । ती समूहमार्फत पशु आहारका लागि उत्पादन गरिने पोषणयुक्त घाँस धनुषा र महोत्तरीका पशुपालन गर्ने किसानसम्म पुग्ने गरेका छन् । यसले दिगो पशुपालनको आधार निर्माण गरेको छ । 'समूहमार्फत अहिले बाख्रा तथा अन्य पशुको आहारका लागि पास्पालम, किम्बु, बदामे, मेन्डुला, टाँकी, भटमास घाँसलगायत उन्नत जातका घाँस उत्पादन भइरहेका छन्', समूहका अध्यक्ष मनिता सिंह भन्छिन्, 'यो वर्ष मात्रै हामीले करिब रु छ लाख मूल्य बराबरको घाँस उत्पादन ग¥यौँ, डेढ लाखको त घाँस बेच्यौँ।'

सरकारी तथा विकास साझेदार संस्थाको सहयोगले यस अभियानलाई थप बल दिएको छ । विश्व बैंक र विश्व कृषि तथा खाद्यसुरक्षा कार्यक्रमको आर्थिक सहयोगमा नेपाल सरकारको खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना (फ्यानसेप नेपाल) आयोजना कलस्टर इकाई धनुषाद्वारा सञ्चालित परियोजनाअन्तर्गत बाख्रापालनका लागि बोयर जातका बोका तथा बाख्रा उपलब्ध गराउने, खोर निर्माण गरिदिने, प्राविधिक सेवा, घाँस उत्पादनका लागि नर्सरी सञ्चालन गर्ने र अन्य सामग्रीमा अनुदान दिने कार्यक्रम सञ्चालन गरिएका छन् । यस्ता कार्यक्रमले महिलालाई व्यवसाय विस्तार गर्न सहज बनाएको छ । परियोजनामार्फत अनुदानसँगै आधुनिक प्रविधि र व्यवस्थापनबारे जानकारी पाएपछि उत्पादनमा गुणस्तरीय सुधार आएको समूहका महिला कृषक बताउँछन्।

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना (फ्यानसेप नेपाल) आयोजना कलस्टर इकाई धनुषा कृषि अधिकृत शिवचन्द्र झाका अनुसार परियोजनाअन्तर्गत बाख्रापालनका लागि सो महिला समूहमा २५ जना सदस्यका लागि २५ वटा बाख्रा खोर, दुई वटा नमुना बोका खोर निर्माण गर्नुका साथै प्रत्येक सदस्यहरुलाई एक÷एक वटा बाख्रा, समूहलाई चाप कटर, तराजुलगायत सामग्री अनुदानमा उपलब्ध गराइएको छ । घाँसेबाली नर्सरीका लागि समूहलाई परियोजनाकोतर्फबाट रु पाँच लाख ५० हजार अनुदान उपलब्ध गराइएको उनको भनाइ छ । नेपालमा खसीबोकाको मासुको माग बर्सेनि बढ्दो छ । विशेषगरी चाडपर्व, विवाह तथा अन्य सामाजिक अवसरमा यसको खपत उच्च हुने भएकाले बजारको सम्भावना बलियो छ।

भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र धनुषाका तथ्याङ्कले जिल्लामा खसीबोकाको मासु उत्पादन निरन्तर बढिरहेको देखाउँछ । स्थानीय उत्पादन बढ्दै जाँदा आयातमा निर्भरता घटाउन पनि मद्दत पुग्ने अपेक्षा गरिएको भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र धनुषाका प्रमुख डा सञ्जीवकुमार ठाकुर बताउँछन् । बाख्रापालनले महिलाको आर्थिक अवस्था सुधार्नुका साथै उनीहरूको सामाजिक भूमिकामा पनि परिवर्तन ल्याएको छ । पहिले परिवारको आर्थिक निर्णयमा सीमित सहभागिता भएका महिला अहिले आफ्नै व्यवसाय सञ्चालन गर्छन्, बैंकसँग कारोबार गर्छन्, पशु बिमा गराउँछन् र आफ्ना सन्तानको शिक्षा तथा स्वास्थ्यमा लगानी गर्न सक्षम भएका छन् । यसले महिलाप्रतिको सामाजिक दृष्टिकोणमा पनि सकारात्मक परिवर्तन ल्याएको समाजका अगुवा सरोज कुशवाहा बताउँछन्।

जलवायु सहनशीलता अभिवृद्धि गर्ने, कृषि उत्पादकत्व बढाउने तथा लक्षित साना कृषक समुदायको पोषण अभ्यासमा सुधार ल्याउने उद्देश्यले धनुषाको बटेश्वर र जनकनन्दनी गाउँपालिकामा तथा महोत्तरीको सम्सी र सोनमा गाउँपालिकामा उक्त परियोजना सञ्चालनमा छन् । परियोजनाअन्तर्गत दुई जिल्लाका चार पालिकामा ५५३ वटा समूह सक्रिय रहेको फ्यानसेप नेपालको आयोजना कलस्टर इकाई धनुषाले जनाएको छ । इकाइका कार्यालय प्रमुख रविलाल शर्माका अनुसार सक्रिय रहेका चार सय समूहलाई साना अनुदान, पूरक अनुदान, प्रवद्र्धन कार्यक्रम अनुदान र घरबारी पोषण बगैँचा योजनामार्फत समूहको कामको मूल्याङ्कन गरी अनुदान सिधै किसानको खातामा पठाउँदै आएको छ । सीमान्तकृत, साना किसान, गर्भवती महिलालाई लक्षित गरी कार्यक्रम सञ्चालन गरिएको प्रमुख शर्माको कथन छ । उत्पादनसँगै प्रशोधन, ब्रान्डिङ र व्यवस्थित बजारीकरणमा ध्यान दिनसके किसानले अझ बढी लाभ लिनसक्ने देखिन्छ।

स्थानीय तह, प्रदेश सरकार र सङ्घीय सरकारले महिला उद्यमशीलतालाई प्राथमिकतामा राखी प्राविधिक सेवा विस्तार, सहुलियतपूर्ण कर्जा, पशु बिमा, उन्नत जातको प्रवद्र्धन तथा बजार व्यवस्थापनमा थप लगानी गर्नु आवश्यक छ । महिला समूहलाई उत्पादनसँगै प्रशोधन र मूल्य अभिवृद्धि उद्योगसँग जोड्नसके ग्रामीण अर्थतन्त्रलाई अझ सुदृढ बनाउन सकिने बटेश्वर गाउँपालिका–२ का वडाध्यक्ष विजय महतो बताउँछन् । महिलाको बाख्रापालन अभियानले सामूहिक प्रयास, निरन्तर परिश्रम, आधुनिक सोच र उपयुक्त सहयोग भए ग्रामीण महिलाले पनि सफल उद्यमी बन्न सक्छन् भने एउटा महत्त्वपूर्ण सन्देश दिएको छ । वडाध्यक्ष महतो भन्छन्, 'कुनै समय घरभित्र सीमित रहने महिला आज आफ्नै व्यवसाय सञ्चालन गर्दै परिवार, समाज र स्थानीय अर्थतन्त्रको महत्वपूर्ण आधार बनेका छन्।'

खोरबाट सुनिने बाख्राको मिमियाहट आज महिलाका लागि केबल पशुको आवाज होइन, आत्मनिर्भरताको सङ्गीत बनेको छ । यही सङ्गीतले ग्रामीण महिलाको जीवनमा नयाँ आशा, नयाँ सम्भावना र समृद्ध भविष्यको बाटो खोलेको छ । रासस

# मोटर साइकल दुर्घटनामा महिलाको मृत्यु

**राकेश यादव**
**रौतहट।**

रौतहट जिल्लाको बौधिमाई नगरपालिका वडा नं. ०६ पिपरियास्थित सडक खण्डमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने मोटर साइकल चालक घाइते भएको छ।

भुवाली चोकबाट पिपरिया चोक तर्फ आउदै गरेको बि.आर. ०६ ए.डब्लू. ८२७२ नम्बरको मोटरसाइकल सोही सडक खण्डमा अनियन्त्रित भई दुर्घट्ना हुँदा चालक सोही ठाउँ वडा नं. १ अजगैवी बस्ने अन्दाजी वर्ष ३० को दिपेन्द्र राम घाइते भएका छन् भने पछाडी सवार चालकको दिदी सासु पर्ने मौलापुर नगरपालिका वडा नं. ९ सोनरनिया बस्ने पनिलाल महराको श्रीमती ३२ वर्षीय उषा देवी महराको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

टाउको र शरिरको विभिन्न भागमा चोट लागि गम्भिर घाइते भएकी उषा देवीलाई उपचारको लागि प्रादेशिक अस्पताल गौरमा लगिएकोमा उपचारको क्रममा मृत्यु भएको प्रहरी नायव उपरिक्षक बसन्त गौतमले जानकारी दिए । घाइते चालक दिपेन्द्र रामकोको गौर अस्पताल अस्पतालमा उपचार भई रहेको छ भने मोटरसाइकल इलाका प्रहरी कार्यालय कोपवा पिपरिया रौतहटको नियन्त्रणमा रहेको प्रहरीले जनाएको छ।

# ठोरी र भिस्वा नाकाबाट भारतीय सवारीसाधन...

भने भिस्वा नाकाबाट बुधवार देखि मात्रै सुचारु भएको हो । यस अघि बन्द रहेको दुवै छोटी भन्सार कार्यालयमा वीरगंज भन्सार कार्यालयले कर्मचारी पठाएर सञ्चालनमा ल्याएको हो ।

दुवै छोटी भन्सार कार्यालयलाई भारतीय सवारीको भन्सार अनुमति दिइएको वीरगंज भंसार कार्यालयले जनाएको छ । भारतबाट नेपाल प्रवेश गर्ने भारतीय सवारीले रात नविताई फर्कने हो भने शुल्क तिर्नु पर्दैन ।

शुल्क तिर्न नपरे पनि भंसार पुर्जी लिनुपर्ने व्यवस्था छ । नेपाली सवारी भारत प्रवेश गर्दा भने सिमा नजिकको भारतीय बजार, रेल्वे स्टेशन पुग्न वा रात नविताई फर्कनकालागि भारतीय भन्सार पास लिनु नपर्ने व्यवस्था रहिआएको वीरगंज स्थित भारतीय महाबाणिज्य दुतावासले जनाएको छ ।

यस अघि निर्वाध रुपमा नेपाल सीमावर्ती क्षेत्रमा भारतीय सवारी साधन प्रवेश गरि रहेको भएता पनि असार १९ गते शुक्रबारदेखि सशस्त्र सीमा सुरक्षा बलले भारतीय नम्बर प्लेटका चारपांग्रे सवारीसाधनको प्रवेश बन्द गराएको थियो । यसपछि स्थानीय व्यवसायी तथा सर्वसाधारण आन्दोलित भएका थिए । प्रतिनिधिसभाको बैठकमा पर्सा क्षेत्र नं ४ का सांसद टेकबहादुर शाक्यले ठोरी तथा भिस्वा–जानकीटोलाबाट भारतीय नम्बर प्लेटका चारपांग्रे सवारीसाधनको प्रवेशमा लगाइएको रोकप्रति सरकारको गम्भीर ध्यानाकर्षण गराएका थिए ।

ठोरीका पर्यटन व्यवसायीको टोलीले जिल्ला प्रशासन कार्यालय पुगेर ज्ञापनपत्रसमेत बुझाएको थियो भने भिस्वाका स्थानीय बासिन्दाले नाकामा धर्ना बसी आन्दोलन सुरु गरेको थिए । सो पछि भारतीय नम्बर प्लेटका चारपांग्रे सवारीसाधनको प्रवेश सहजीकरण गर्ने विषयमा सकारात्मक सहमति भएको हो । भन्सार कार्यालयका प्रतिनिधिका अनुसार भारतीय नम्बर प्लेटका सवारीसाधनले ठोरी र भिस्वा छोटी भन्सारबाट निःशुल्क सुविधा पास लिएपछि नेपाल तर्फका तथा आसपासका पर्यटकीय स्थलहरूको भ्रमण गर्न सक्नेछन् ।

# धानको समर्थन मूल्य कार्यान्वयन नहुँदा किसान मर्कामा



**मधेशदृष्टि**
**वीरगंज।**
सरकारले चैते धानको समर्थन मूल्य निर्धारण गरेपनि प्रभावकारी कार्यान्वयन हुन नसक्दा पर्साका किसानले बजारमा निकै कम मूल्यमा धान बिक्री गर्नुपरेको गुनासो गरेका छन्। सरकारी खरिद व्यवस्था प्रभावकारी नहुँदा बिचौलियाले फाइदा उठाइरहेको किसानहरूको आरोप छ।

सरकारले चैते धानको समर्थन मूल्य प्रतिक्विन्टल दुई हजार ८५६ रुपैयाँ ४९ पैसा तोकेको भए पनि पर्सामा किसानले प्रतिक्विन्टल एक हजार ९०० देखि दुई हजार रुपैयाँसम्ममै धान बिक्री गर्न बाध्य भएका छन्।

समर्थन मूल्य र बजार मूल्यबीच ठूलो अन्तर हुँदा किसान प्रत्यक्ष आर्थिक घाटामा परेका छन् । समर्थन मूल्य व्यवहारमा लागू नभएकाले बिचौलियाले मनोमानी मूल्यमा धान खरिद गरिरहेको धान किसानको गुनासो छ।

उत्पादन लागतसमेत नउठ्ने मूल्यमा धान बिक्री गर्नुपरेको भन्दै उनले सरकारले समर्थन मूल्यअनुसार खरिदको सुनिश्चितता गर्नुपर्ने माग गरे। किसानहरूको भनाइमा सरकारले समर्थन मूल्य घोषणा गरे पनि त्यसको प्रभावकारी कार्यान्वयन र बजार अनुगमन नहुँदा नीति कागजमै सीमित भएको छ । यसका कारण किसानले उचित मूल्य पाउन नसकी बाध्यात्मक रूपमा कम मूल्यमा धान बिक्री गर्नुपरेको उनीहरूको गुनासो छ।

किसानहरूले समर्थन मूल्यअनुसार सरकारी खरिद व्यवस्था तत्काल सञ्चालन गर्न, बजार अनुगमन कडा बनाउन तथा किसानमैत्री कृषि नीति प्रभावकारी रूपमा लागू गर्न सरकारसँग माग गरेका छन् । उनीहरूले समयमै आवश्यक कदम नचालिए धानखेतीप्रति किसानको आकर्षण घट्ने र यसले कृषि उत्पादनमा समेत नकारात्मक असर पर्ने चेतावनी दिएका छन्।

## १२ बुँदे सम्झौता कार्यान्वयनको माग गर्दै
# दुर्गा प्रसाईद्वारा प्रजिअमार्फत प्रधानमन्त्रीलाई ज्ञापन

**मधेशदृष्टि**
**कलैया।**
राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति तथा नागरिक बचाउ महा–अभियान, नेपालका केन्द्रीय संयोजक दुर्गा प्रसाईले बैंक तथा वित्तीय संस्थाबाट पीडित बनेका नागरिकका माग सम्बोधन गर्न र विगतमा भएका सहमति कार्यान्वयन गर्न आग्रह गर्दै प्रधानमन्त्रीको नाममा ज्ञापनपत्र बुझाएका छन् । बुधबार प्रसाईको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले जिल्ला प्रशासन कार्यालय बारामा पुगेर प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्रमार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंलाई सम्बोधन गरिएको ज्ञापनपत्र हस्तान्तरण गरेको हो।



ज्ञापनपत्रमा बैंक तथा वित्तीय संस्थाबाट भएको भनिएको आर्थिक तथा वित्तीय शोषणविरुद्ध न्यायको माग गर्दै यस विषयमा विगतमा सरकारसँग भएका सहमति तथा सम्झौताहरूको पूर्ण कार्यान्वयन गर्न आग्रह गरिएको छ । अभियानसँग आबद्ध पीडित नागरिकहरू लामो समयदेखि आर्थिक अन्याय र उत्पीडनविरुद्ध देशव्यापी रूपमा संघर्षरत रहेको उल्लेख गर्दै उनीहरूको न्याय, अधिकार र सम्मान सुनिश्चित गर्न राज्यले प्रभावकारी पहल गर्नुपर्ने माग पनि गरिएको छ।

ज्ञापनपत्रमा अभियान कुनै व्यक्ति, वर्ग वा समुदाय विशेषको हितका लागि नभई समग्र शोषित र पीडित नागरिकको पक्षमा केन्द्रित रहेको उल्लेख गरिएको छ। यस क्रममा विभिन्न सरकारसँग पटक–पटक संवाद, वार्ता र लिखित सहमति भइसकेको स्मरण गराउँदै विशेषगरी सुशीला कार्की नेतृत्वको सरकारसँग भएको १२ बुँदे सम्झौतालाई पीडित नागरिकका समस्या समाधानतर्फको महत्वपूर्ण उपलब्धिका रूपमा प्रस्तुत गरिएको छ । त्यसैगरी, नयाँ जनादेशसहित गठन भएको वर्तमान सरकारले विगतका प्रतिबद्धता र लिखित सम्झौताहरूलाई निरन्तरता दिई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु राज्यको नैतिक तथा संवैधानिक दायित्व भएको धारणा पनि ज्ञापनपत्रमा व्यक्त गरिएको छ । सोही १२ बुँदे सम्झौताको पूर्ण कार्यान्वयनका लागि सरकारले आवश्यक निर्णय र पहल गर्नुपर्ने माग गरिएको छ। अभियानले सरकारले पीडित नागरिकको भावना र लामो समयदेखिको संघर्षलाई सम्मान गर्दै न्यायोचित र दिगो समाधानका लागि शीघ्र कदम चाल्ने अपेक्षा व्यक्त गरेको छ । साथै मागप्रति आवश्यक ध्यान नदिइए देशभर शान्तिपूर्ण विरोधका कार्यक्रम सञ्चालन गर्न बाध्य हुने चेतावनी पनि ज्ञापनपत्रमार्फत दिइएको छ।

पीडित नागरिकको आवाजलाई गम्भीर रूपमा सम्बोधन गर्दै यथाशीघ्र न्याय सुनिश्चित गर्न आग्रहसहित १२ बुँदे सम्झौताको प्रतिलिपिसमेत संलग्न गरी प्रधानमन्त्रीको नाममा उक्त ज्ञापनपत्र बुझाइएको अभियानले जनाएको छ।

## सूर्तिजन्य पदार्थ बिक्रीमा कडाइ,
# विद्यालय र अस्पताल वरपर बिक्री गरे कारवाही




**मधेशदृष्टि**
**महोत्तरी।**
जिल्ला प्रशासन कार्यालय महोत्तरीले सूर्तिजन्य पदार्थको गैरकानुनी बिक्री–वितरण तथा उपभोग नियन्त्रण गर्न कानुनी व्यवस्था कडाइका साथ कार्यान्वयन गर्ने भएको छ । विशेषगरी बालबालिका, किशोरकिशोरी, विद्यार्थी तथा गर्भवती महिलामा सूर्तिजन्य पदार्थको प्रयोग बढ्दै गएकोप्रति चिन्ता व्यक्त गर्दै प्रशासनले नियमित अनुगमनसमेत तीव्र बनाउने जनाएको छ।

प्रमुख जिल्ला अधिकारीको कार्यालयद्वारा जारी सूचनामा १८ वर्षभन्दा कम उमेरका व्यक्ति तथा गर्भवती महिलालाई कुनै पनि प्रकारका सूर्तिजन्य पदार्थ बिक्री, वितरण वा निःशुल्क उपलब्ध गराउन पूर्ण रूपमा प्रतिबन्ध रहेको उल्लेख गरिएको छ । यस्तो कार्य गरेको पाइए कानुनअनुसार कारबाही गरिने चेतावनी दिइएको छ।

प्रशासनले विद्यालय, कलेज, अस्पताल, स्वास्थ्य संस्था, बालकल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय तथा नेपाल सरकारले तोकेका सार्वजनिक स्थलबाट कम्तीमा १०० मिटरको दूरीभित्र रहेका पसल वा व्यवसायबाट चुरोट, बिँडी, खैनी, गुट्खा, सिगारलगायत सूर्तिजन्य पदार्थ बिक्री–वितरण गर्न नपाइने व्यवस्था पुनः स्मरण गराएको छ । सूर्तिजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐन, २०६८ विपरीत गतिविधि गरेको पाइए ऐनको दफा १७ बमोजिम कडा कानुनी कारबाही र दण्ड सजाय हुने प्रशासनले जनाएको छ।

जिल्ला प्रशासन कार्यालयले महोत्तरीका सबै स्थानीय तह, सुरक्षा निकाय, उद्योगी–व्यवसायी, नागरिक समाज तथा सर्वसाधारणलाई कानुनी व्यवस्थाको पूर्ण पालना गर्न आग्रह गर्दै सूर्तिजन्य पदार्थ नियन्त्रण अभियानलाई प्रभावकारी बनाउन नियमित अनुगमन तथा निरीक्षणलाई निरन्तरता दिइने जनाएको छ।

# ब्राउनसुगर र गाँजासहित दुईजना पक्राउ






**मधेशदृष्टि**
**वीरगंज।**
पर्सा प्रहरीले वीरगन्ज महानगरपालिका–२४ रामगढवा क्षेत्रबाट ब्राउन सुगर र गाँजासहित दुई युवकलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा पर्साको पोखरिया नगरपालिका–१ घर भई हाल रामगढवामा डेरा गरी बस्दै आएका २१ वर्षीय राहुल बैठा र सुनसरीको इटहरीका २२ वर्षीय साइमन क्षेत्री रहेका छन्।

अस्थायी प्रहरी चौकी रानीघाटबाट खटिएको प्रहरी टोलीले विशेष सूचनाका आधारमा बैठाको डेरा कोठामा छापा मार्ने क्रममा ३ ग्राम ७२ मिलिग्राम ब्राउन सुगर र एक पुरिया गाँजा बरामद गरेको थियो।

सोही क्रममा दुवै जनालाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक राजु कार्कीका अनुसार पक्राउ परेका दुवै जनामाथि लागूऔषधसम्बन्धी कसुरमा अनुसन्धान भइरहेको छ।

# सर्लाहीका करिब एक दर्जन होटल कारवाहीमा,
## ४ लाख ३७ हजार जरिवाना



**मधेशदृष्टि**
**सर्लाही।**
मधेश प्रदेश सरकारले सञ्चालन गरिरहेको होटल तथा खाद्य प्रतिष्ठान अनुगमन अभियानअन्तर्गत सर्लाहीका करिब एक दर्जन होटल, खाजा घर र मिठाई पसल कारबाहीमा परेका छन्। खाद्य गुणस्तरमा लापरबाही, अस्वच्छ भान्सा र उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने गतिविधि गरेको पाइएपछि ती व्यवसायीबाट ४ लाख ३७ हजार रुपैयाँ जरिवाना असुल गरिएको हो।

गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोको नेतृत्वमा जिल्ला प्रशासन, प्रहरी र प्राविधिक टोलीले मंगलबार लालबन्दी, हरिवन, नयाँरोड, बागमती र बरहथवालगायत क्षेत्रका होटल तथा फास्टफुड पसलमा अनुगमन गरेको थियो।

अनुगमनका क्रममा अधिकांश प्रतिष्ठानमा सरसफाइको अभाव, गुणस्तरहीन खाद्य सामग्रीको प्रयोग, पटक–पटक प्रयोग गरिएको तेलमा खाना पकाउने तथा मापदण्डविपरीत खाद्य वस्तु बिक्री गर्ने गरेको भेटिएको टोलीले जनाएको छ । केही होटललाई तत्काल सुधार गर्न चेतावनी दिइएको छ भने प्रयोग गर्न अयोग्य तेल, अखाद्य सामग्री र बिग्रँदै गरेका तरकारी नष्ट गराइएको सहायक प्रमुख जिल्ला अधिकारी होमप्रसाद घिमिरेले जानकारी दिए।

अनुगमनका क्रममा केही व्यवसायीसँग सामान्य विवाद भए पनि उपभोक्ताको स्वास्थ्यसँग जोडिएको विषयमा कुनै सम्झौता नगर्ने मन्त्री महतोले स्पष्ट पारे । उनले नागरिकले सुरक्षित र गुणस्तरीय खाद्य पदार्थ उपभोग गर्न पाउने अधिकार सुनिश्चित गर्न प्रदेशभर यस्ता अनुगमनलाई निरन्तरता दिइने बताए।

मन्त्री महतोले होटल तथा खाद्य व्यवसायीलाई सरकारले तोकेको मापदण्ड पूर्ण रूपमा पालना गरेर मात्र व्यवसाय सञ्चालन गर्न आग्रह गर्दै उपभोक्ताको स्वास्थ्यमा खेलबाड गर्ने कार्य कुनै पनि हालतमा स्वीकार्य नहुने चेतावनी दिए।

धनुषाबाट सुरु गरिएको खाद्य गुणस्तर अनुगमन अभियान सर्लाहीपछि मधेश प्रदेशका अन्य जिल्लामा पनि विस्तार गरिने प्रदेश सरकारले जनाएको छ।

# पाँच महिनामा ७ करोडभन्दा बढीका अवैध सामान बरामद

**मधेशदृष्टि**
**सिरहा।**
सशस्त्र प्रहरी बल, नेपाल नं. ७ गण मुख्यालय सिरहाले पछिल्लो पाँच महिनामा सीमा क्षेत्रबाट ७ करोड रुपैयाँभन्दा बढी मूल्यका अवैध सामान बरामद गरेको जनाएको छ। भारतसँगको खुला सीमामा निगरानी, गस्ती र विशेष चेकजाँचलाई प्रभावकारी बनाइएपछि भन्सार छलीका सामान ठूलो परिमाणमा नियन्त्रणमा आएको हो।

गणपति (एसपी) सुमनजंग थापाका अनुसार २०८२ माघदेखि २०८३ जेठसम्म भारतबाट भन्सार छली गरी नेपाल ल्याइँदै तथा नेपालबाट भारततर्फ अवैध रूपमा ओसारपसार गरिँदै गरेका करिब ७ करोड ३ लाख ४ हजार ७ सय ८९ रुपैयाँ बराबरका विभिन्न सामान बरामद गरिएको छ।

बरामद गरिएका सामानमा सवारीसाधन, किराना सामग्री, कस्मेटिक, पित्तल तथा अन्य भाँडावर्तन, लत्ताकपडा, इलेक्ट्रोनिक सामग्री, हार्डवेयरका सामान, विभिन्न ब्रान्डका मदिरा, फलफूल, डिजेल तथा दैनिक उपभोग्य वस्तु रहेका छन् । नियन्त्रणमा लिइएका सबै सामान आवश्यक कानुनी प्रक्रिया पूरा गरी सम्बन्धित भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ।

एसपी थापाले सीमा क्षेत्रमा नियमित गस्ती, चेकजाँच र विशेष निगरानी अभियानलाई थप प्रभावकारी बनाइएको बताउँदै भन्सार छली, राजस्व चुहावट तथा अवैध आयात–निर्यात नियन्त्रणका लागि सम्बन्धित निकायसँग समन्वय गरेर अभियान निरन्तर सञ्चालन भइरहेको जानकारी दिए । उनले अवैध कारोबारमा संलग्न जोसुकैमाथि कानुनबमोजिम कडा कारबाही गरिने पनि स्पष्ट पारे।

यसैबीच, सशस्त्र प्रहरीले पछिल्ला तीन दिनमै ३४ लाख ४० हजार ६ सय १ रुपैयाँ बराबरका अवैध सामान बरामद गरेको छ । असार २२ गते मात्रै १४ लाख ३ हजार ३ सय २६ रुपैयाँ बराबरका कस्मेटिक, मदिरा, इलेक्ट्रोनिक सामग्री, डिजेल तथा अन्य वस्तु नियन्त्रणमा लिइएको थियो। त्यस्तै, असार १९ गते ११ लाख १० हजार ४ सय २५ रुपैयाँ र असार १८ गते ९ लाख २६ हजार ८ सय ५० रुपैयाँ बराबरका सामान बरामद गरिएको प्रहरीले जनाएको छ।

पछिल्ला तीन दिनमा बरामद गरिएका सबै सामान आवश्यक कारबाहीका लागि खैरटोका भन्सार कार्यालय, माडरमा बुझाइएको छ।

सशस्त्र प्रहरीले सीमा क्षेत्रका स्थानीय बासिन्दालाई भन्सार छली तथा अवैध ओसारपसारमा संलग्न नहुन आग्रह गर्दै यस्ता गतिविधिबारे जानकारी भए तत्काल सुरक्षा निकायलाई सूचना दिन अनुरोध गरेको छ। साथै, सीमा सुरक्षा, राजस्व संरक्षण र अवैध व्यापार नियन्त्रणलाई आगामी दिनमा अझ प्रभावकारी बनाइने जनाएको छ।

# मोटरसाइकल दुर्घटनामा चालकको मृत्यु

**मधेशदृष्टि**
**कलैया।**
बाराको जीतपुरसिमरा उपमहानगरपालिका–२३ भलुहीचोकमा बुधबार बिहान मोटरसाइकल दुर्घटना हुँदा चालकको मृत्यु भएको छ। मृत्यु हुनेमा पर्साको ठोरी गाउँपालिका–६ का ४० वर्षीय इश्वर श्रेष्ठ रहेका छन्।

वीरगंजबाट पथलैयातर्फ जाँदै गरेको मधेश प्रदेश ०३–०१९ प ६८३९ नम्बरको मोटरसाइकल अनियन्त्रित भई सडक छेउको रेलिङमा ठोक्किएर दुर्घटना भएको प्रहरीको भनाइ छ । बिहान ५:३० बजे भएको उक्त दुर्घटनामा मोटरसाइकल चालक श्रेष्ठ गम्भीर घाइते भएका थिए।

इलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायब उपरीक्षक दिलिप क्षेत्रीका अनुसार दुर्घटनामा घाइते भएका श्रेष्ठलाई कलैयास्थित प्रादेशिक अस्पताल लगिएको र उपचारका क्रममा बिहान ७:३० बजे मृत्यु भएको हो।

# घुससहित सव डिभिजन प्रमुख पक्राउ

**मधेशदृष्टि**
**सिरहा।**
अख्तियार दुरुपयोग अनुसन्धान अयोगले घुससहित सब डिभिजन वन कार्यालय बन्दीपुर, सिरहाका कार्यालय प्रमुखलाई नियन्त्रणमा लिएको छ।

सेवाग्राहीसँग घुस बापत १२ हजार लिएको भन्दै प्रमुख रामकेवल राय यादवलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिबासको टोलीले कर्जन्हा नगरपालिका ४ बाट मंगलबार नियन्त्रणमा लिएको हो। कर्जन्हा नगरपालिका २ मा रहेको एक सःमिलले विभिन्न स्थानबाट ल्याएको तीन ट्रक काठको चारचार हजारका दरले घुस लिएको अख्तियारले जनाएको छ।

घुस मागेपछि सेवाग्राही अख्तियारमा पुगेका थिए। सोही अनुसार स्टि्रङ अप्रेसन गरी आज नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाइरहेको क्रममा प्रमुख यादव पक्राउ परेको बताइएको छ।

# कोल्हबीबाट अवैध सालको काठ बरामद



**मधेशदृष्टि**
**कलैया।**
डिभिजन वन कार्यालय बाराले सञ्चालन गरेको विशेष अपरेशनका क्रममा कोल्हबी नगरपालिका–५ स्थित सखुवा गाउँबाट अवैध रूपमा लुकाइराखिएको सालको काठ बरामद गरिएको छ । कोल्हबी सब–डिभिजन वन कार्यालयका प्रमुख कृष्णकुमार पटेलको नेतृत्वमा खटिएको टोलीले एक घरमा छापा मार्दा करिब २० क्युफिट बराबरका चार थान सालका गोलिया काठ फेला पारेको हो । बरामद गरिएको काठ हाल डिभिजन वन कार्यालयको नियन्त्रणमा राखिएको छ।

डिभिजन वन कार्यालय बाराका डिभिजनल वन अधिकृत सुजित कुमार झाका अनुसार बुधबार दिउँसो करिब २ बजेदेखि सुरु गरिएको विशेष अपरेशन करिब एक घण्टासम्म सञ्चालन गरिएको थियो । उनले छापामार कारबाहीका क्रममा घरभित्र लुकाइछिपाइ राखिएको अवस्थामा सालको काठ बरामद भएको जानकारी दिए।

वन कार्यालयका अनुसार बरामद गरिएको काठका मालिक भनिएका व्यक्ति भने टोली पुग्नुअघि नै फरार भएकाले पक्राउ गर्न सकिएको छैन। घटनासम्बन्धी थप अनुसन्धान जारी रहेको कार्यालयले जनाएको छ । कारबाहीका क्रममा वन कार्यालयको टोली र केही स्थानीयबीच केहीबेर सामान्य तछाडमछाडको अवस्था सिर्जना भएको भएपनि कुनै अप्रिय घटना भने नभएको जनाइएको छ।

विशेष अपरेशनमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको समेत सहयोग रहेको डिभिजन वन कार्यालयले जनाएको छ। कार्यालयले अवैध काठ तस्करी तथा वन पैदावारको गैरकानुनी कारोबार नियन्त्रणका लागि यस्ता निगरानी र विशेष अपरेशन आगामी दिनमा पनि निरन्तर सञ्चालन गरिने स्पष्ट पारेको छ।

सम्पादकीय

## विकास होइन, बजेट सक्ने हतार

# राताराात सडक, वर्षौंदेखिको भ्रष्ट संस्कार !

हरेक वर्ष असार लाग्नेबित्तिकै नेपालका अधिकांश स्थानीय तहमा एउटा पुरानै दृश्य दोहोरिन्छ वर्षभरि सुस्त गतिमा थन्किएका विकास योजना अन्तिम केही दिनमा एकाएक दौडिन थाल्छन् । सडक रातारात ढलान हुन्छन्, नाली एकै सासमा बनाइन्छ, भवनको अन्तिम किस्ता भुक्तानीका लागि हतारिन्छ, र सार्वजनिक बजेट खर्च गर्ने प्रतिस्पर्धा चल्छ । दुर्भाग्य, यो दृश्य विकासको होइन, 'असारे विकास' नामको विकृत संस्कृतिको प्रतिबिम्ब हो। बारा जिल्लाको बारागढी गाउँपालिकामा अहिले देखिएको अवस्था पनि यही रोगको अर्को उदाहरण बनेको छ। स्थानीयले उठाएका प्रश्नहरू सामान्य गुनासा होइनन् । निर्माणको गुणस्तर, बजेट खर्चको पारदर्शिता, उपभोक्ता समिति गठनको वैधानिकता, निर्माण सामग्रीको गुणस्तर, प्राविधिक मापदण्डको पालना र रातारात काम सम्पन्न गर्ने प्रवृत्तिलाई लिएर गम्भीर आशंका व्यक्त गरिएको छ । यति धेरै प्रश्न एकैचोटि उठ्नु आफैंमा चिन्ताजनक अवस्था हो।

सबैभन्दा ठूलो प्रश्न निर्माणको गुणस्तरमाथि छ । एउटा सडक निर्माण कुनै एक–दुई दिनको प्रक्रिया होइन। माटोको तयारी, बेस निर्माण, कम्प्याक्सन, सामग्रीको परीक्षण, आवश्यक 'क्युरिङ' लगायतका प्राविधिक चरण पूरा भएपछि मात्रै सडक दीर्घकालीन हुन्छ। तर स्थानीयले भनेजस्तै केही दिनमै गिट्टी–बालुवा छर्ने, रोलर चलाउने र रातारात ढलान गर्ने शैली अपनाइएको हो भने त्यो विकास होइन, भविष्यमा पुनः बजेट खर्च गर्नुपर्ने आधार तयार पार्नु हो । यसमा अर्को गम्भीर पक्ष भनेको उपभोक्ता समितिको अभ्यास हो । कानुनले उपभोक्ता समितिलाई जनसहभागितामार्फत साना विकास आयोजना प्रभावकारी रूपमा सम्पन्न गर्ने उद्देश्यले व्यवस्था गरेको हो । तर यदि उपभोक्ता समिति स्वयं निर्माणमा संलग्न नहुने, ठेकेदारलाई जिम्मा लगाएर केवल कागजी प्रक्रिया पूरा गर्ने माध्यम बन्ने हो भने यसको औचित्य नै समाप्त हुन्छ। अझ समितिमा कानुनी मापदण्डविपरीत व्यक्ति राखिएको वा योजनाको केही रकम बिचौलियामार्फत लाभका रूपमा बाँडफाँट हुने आरोप सत्य सावित भयो भने त्यो केवल प्रशासनिक कमजोरी होइन, सार्वजनिक स्रोतको दुरुपयोग हुनेछ।

गाउँपालिकाले दिएको स्पष्टीकरण पनि पूर्ण रूपमा अस्वाभाविक भने होइन। अत्यधिक गर्मीका कारण रातिको समयमा काम गर्नु कतिपय अवस्थामा व्यावहारिक हुन सक्छ। प्रमुख प्रशासकीय अधिकृतले दुई जना इन्जिनियरबाट नियमित अनुगमन भइरहेको र गुणस्तरमा सम्झौता नहुने दाबी गरेका छन् । तर आजको समयमा केवल सरकारी दाबीले मात्र जनविश्वास स्थापित हुँदैन। विश्वासको आधार प्रमाण, परीक्षण र पारदर्शिता हुनुपर्छ । यदि निर्माण कार्य वास्तवमै मापदण्डअनुसार भइरहेको छ भने स्वतन्त्र प्राविधिक परीक्षणबाट डराउनुपर्ने कुनै कारण छैन। बरु निर्माण सामग्रीको प्रयोगशाला परीक्षण, कार्यसम्पादनको प्राविधिक मूल्याङ्कन, सार्वजनिक सुनुवाइ तथा सामाजिक लेखापरीक्षणमार्फत गाउँपालिकाले आफ्नो दाबी प्रमाणित गर्न सक्छ। यसले जनविश्वास अझ बलियो बनाउनेछ।

दुर्भाग्यको कुरा, हाम्रो सार्वजनिक प्रशासनमा अझै पनि 'बजेट सक्नैपर्छ' भन्ने मानसिकताले 'गुणस्तरीय काम गर्नैपर्छ' भन्ने जिम्मेवारीलाई ओझेलमा पारेको देखिन्छ । विकासको मूल्य खर्च भएको रकमले होइन, त्यसबाट बनेको पूर्वाधारले कति वर्ष जनतालाई सेवा दिन्छ भन्ने आधारमा मापन हुनुपर्छ । एक वर्ष पनि नटिक्ने सडक बनाउनु विकास होइन, करदाताको पसिनामाथिको अन्याय हो। असारको अन्तिम सातामा विकास आयोजना सम्पन्न गर्ने हतार केवल बारागढीको समस्या होइन, यो देशभर फैलिएको प्रणालीगत विकृति हो । योजना समयमै स्वीकृत नगर्ने, वर्षभरि काम अघि नबढाउने र अन्तिममा हतारमा निर्माण गरेर भुक्तानी गर्ने परम्पराले राज्यको विकास मोडेलमाथि नै प्रश्न उठाएको छ। यस प्रवृत्तिलाई अन्त्य नगरेसम्म प्रत्येक वर्ष असारसँगै यस्तै विवाद दोहोरिइरहनेछन्।

स्थानीयवासीले उठाएका प्रश्नहरूको निष्पक्ष छानबिन हुनुपर्छ। आरोप सत्य सावित भए दोषी जोसुकै भएपनि कानुनी कारबाही हुनुपर्छ । सार्वजनिक बजेट कुनै व्यक्ति, समूह वा समितिको सम्पत्ति होइन, त्यो जनताको करबाट बनेको साझा सम्पत्ति हो। अब आवश्यक कुरा प्रतिरक्षा होइन, पारदर्शिता हो। विकासको नाममा रातारात सडक ढलान गरेर होइन, गुणस्तरीय, दीर्घकालीन र उत्तरदायी पूर्वाधार निर्माण गरेर मात्रै जनताको विश्वास जित्न सकिन्छ। अन्यथा, असारे विकासको यो संस्कृति सडकमा मात्रै होइन, जनविश्वासमै गहिरो खाल्डो खन्नेछ।

# नियमित अन्तरराष्ट्रिय उडानको प्रतीक्षामा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल

राधेश्याम विश्वकर्मा

**भैरहवा।**
विमानस्थलको अन्तरराष्ट्रिय टर्मिनल चिटिक्क परेको छ । अत्याधुनिक भवन, चम्किला काउन्टर, एक्स–रे मेसिन, अध्यागमन डेस्क, प्रस्थान कक्ष र धावनमार्ग सबै तयारी अवस्थामा छन् तर यात्रुहरुको भीड छैन। कहिलेकाहीँ चार्टर उडान आउँछ, केही यात्रु ओर्लिन्छन् र फेरि तिनै उक्त विमानमा चढेर फर्किन्छन् अनि फेरि विमानस्थल पहिलेकै सन्नाटामा फर्किन्छ । चार वर्षअघि नेपालकै दोस्रो अन्तरराष्ट्रिय विमानस्थलका रुपमा ठूलो उत्साहका साथ सञ्चालनमा आएको भैरहवास्थित गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल आज पनि नियमित अन्तरराष्ट्रिय उडानको प्रतीक्षामा छ । अर्बौं रुपैयाँको लगानी, आधुनिक पूर्वाधार र सरकारले दिएको आकर्षक सहुलियतका बाबजुद विमानस्थलले अपेक्षित गति लिन सकेको छैन । विमानस्थल प्रशासन, निजी क्षेत्र र पर्यटन व्यवसायीसँग गरिएको कुराकानीले एउटा साझा निष्कर्ष देखाउँछ । समस्या धावनमार्ग वा भवनको होइन, नीति, बजार व्यवस्थापन र निर्णय क्षमताको हो । गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलका निमित्त महाप्रबन्धक श्यामकिशोर साहका अनुसार पछिल्लोपटक थाई एयर एसियाले बैंकक–भैरहवा–बैंकक रुटमा हप्ताको दुई दिन नियमित उडान सञ्चालन गरेको थियो तर त्यो मार्चसम्मको 'विन्टर सिड्युल'सम्म मात्र सीमित रह्यो। अहिले 'समर सिड्युल' सुरु भइसकेकाले अक्टोबरसम्म कुनै नियमित अन्तरराष्ट्रिय उडान छैन । बीचबीचमा चार्टर उडान भने भइरहेका छन्।
साहका अनुसार वायुसेवा कम्पनीले नियमित सेवा बन्द गर्नुको मुख्य कारण यात्रु अभावलाई देखाएका छन्। 'जहाज आउँछ तर अपेक्षित 'अकुपेन्सी' हुँदैन। जानेबेला केही यात्रु भए पनि फर्कंदा जहाज खाली जस्तै हुन्छ।
व्यावसायिक कम्पनीले नाफा हेर्ने भएकाले यस्तो अवस्थामा नियमित उडान टिकाउन कठिन हुन्छ', उनी भन्छन्। तर उनी यात्रु नै नभएको निष्कर्षसँग पूर्ण रुपमा सहमत हुन्न। 'लुम्बिनी प्रदेश मात्रै होइन, मधेश, कोशी, सुदूरपश्चिमलगायत विभिन्न प्रदेशबाट विगतमा यात्रु भैरहवा आउँथे । यात्रुको सम्भावना छ। समस्या यात्रु व्यवस्थापनमा भयो', उनको भनाइ छ । साहका अनुसार अन्तरराष्ट्रिय उडान सफल बनाउन एयरलाइन्स मात्र पर्याप्त हुँदैनन् । यात्रुलाई जहाजसम्म पु¥याउने सम्पूर्ण प्रणाली सक्रिय हुनुपर्छ। 'वैदेशिक रोजगारीमा जाने श्रमिक पठाउने म्यानपावर कम्पनी, टिकट बिक्री गर्ने ट्राभल एजेन्सी र जनरल सेल्स एजेन्ट (जिएसए) सबैले मिलेर काम गर्नुपथ्र्यो। त्यो हुन सकेन', उनले भने । उनका अनुसार कतिपय विदेशी वायुसेवा कम्पनी भैरहवामा उड्न इच्छुक भए पनि उनीहरुको नेपालस्थित जनरल सेल्स एजेन्ट काठमाडौंमै केन्द्रित छन् । उनीहरुको सम्पूर्ण व्यापारिक संरचना राजधानीमै भएकाले उनीहरुले यात्रुलाई पनि काठमाडौंबाटै उडाउन बढी जोड दिने गरेका छन् । 'काठमाडौंका जिएसएले स्थानीय ट्राभल एजेन्सीसँग पर्याप्त सहकार्य गरेनन् । भाडामा केही सहुलियत दिने, टिकट सहज उपलब्ध गराउने वा संयुक्त रुपमा बजार प्रवद्र्धन गर्ने काम हुन सकेन । त्यसैले जहाजमा यात्रु भर्न कठिन भयो', साहले बताए।
उनका अनुसार विमानस्थल सञ्चालनमा पूर्वाधारभन्दा ठूलो चुनौती अहिले यही बजार संरचना बनेको छ। साहको अर्को प्रश्न आफ्नै राष्ट्रिय ध्वजावाहकप्रति छ। नेपाल वायुसेवा निगम र हिमालयन एयरलाइन्सले भैरहवाबाट नियमित अन्तरराष्ट्रिय उडान सुरु गरेको भए विदेशी वायुसेवा कम्पनीलाई पनि सकारात्मक सन्देश जाने थियो । 'नेपाली ध्वजावाहकले नै यहाँबाट उडान सुरु गरेको भए वातावरण बन्ने थियो कि ? त्यसपछि विदेशी कम्पनी आउन पनि सहज हुन्थ्यो', उनी भन्छन्। भैरहवाको भविष्य भारतसँग जोडिएका विषयमा पनि साह स्पष्ट देख्छन्। भारतीय वायुसेवा कम्पनीले दिल्ली, मुम्बई, कोलकाता, बेङ्गलोरलगायत विभिन्न सहरबाट भैरहवामा सहजै उडान गर्न सक्छन्। त्यसले भारतीय पर्यटक र बौद्ध तीर्थयात्रीको संख्या उल्लेख्य रुपमा बढाउन सक्नेछ तर यसका लागि सरकारी तहबाट आवश्यक पहल हुन नसकेको उनको गुनासो छ। नेपाल र भारतबीचको एयर सर्भिस एग्रिमेन्ट धेरै पुरानो भएकाले त्यसमा गौतमबुद्ध र पोखरा अन्तरराष्ट्रिय विमानस्थल समेटिएको छैन।
नयाँ यथार्थअनुसार उक्त सम्झौता पुनरावलोकन गर्नुपर्ने आवश्यकता उनी औंल्याउँछन् । 'भारतीय एयरलाइन्सले अहिले काठमाडौंमा दैनिक धेरै उडान गरिरहेका छन्। उनीहरुलाई भैरहवाबाट पनि उडान गर्न सरकारी तहबाट औपचारिक पहल हुनुपर्छ', उनको भनाइ छ । सरकारले भैरहवाबाट अन्तरराष्ट्रिय उडान गर्ने वायुसेवा कम्पनीलाई आकर्षित गर्न विभिन्न आर्थिक सहुलियत उपलब्ध गराउँदै आएको छ। ल्यान्डिङ शुल्क, नेभिगेसन शुल्क र यात्रु



सेवा शुल्कमा शतप्रतिशत छुट, ग्राउन्ड ह्यान्डलिङ शुल्कमा ७५ प्रतिशत छुट तथा काठमाडौंको तुलनामा हवाई इन्धनमा पनि उल्लेखनीय सहुलियत दिइएको छ। यात्रु कम हुँदा एयरलाइन्सलाई हुने आर्थिक क्षति केही हदसम्म यी छुटले पूर्ति गर्ने उद्देश्य राखिएको हो तर उनको निष्कर्ष स्पष्ट छ, 'सहुलियतले मात्र पर्याप्त हुँदैन। यात्रु व्यवस्थापन र टिकट बजारको संरचना सुधारिएन भने छुटले मात्र नियमित उडान टिकाउन सक्दैन ।' विमानस्थलको अन्तर्राष्ट्रिय हवाई यातायात तथ्याङ्कले पनि उतारचढाव देखाउँछ। सन् २०२२ देखि सन् २०२६ को मे महिनासम्म अन्तरराष्ट्रियतर्फ एक हजार २१८ विमान आवागमन भएका छन् भने ६९ हजार ३१६ यात्रुले सेवा लिएका छन्। सन् २०२३ मा यात्रु संख्या चार हजार ७५१ मा झरेको थियो। सन् २०२५ मा यो संख्या बढेर १९ हजार ५९० पुगे पनि अन्तरराष्ट्रिय विमानस्थलको क्षमताअनुसार यो अझै न्यून मानिन्छ। चालु वर्षको मे महिनासम्म चार हजार १५३ यात्रुले मात्र सेवा लिएका छन्।
भैरहवा विमानस्थलको अर्को विशेषता यहाँ जडान गरिएको इन्स्ट्रमेन्ट ल्याण्डिङ सिस्टम (आइएलएस) हो । साहका अनुसार कम दृश्यता भएका दिनमा पनि सुरक्षित अवतरण गर्न सहयोग गर्ने यो प्रणाली नेपालका लागि महत्वपूर्ण सम्पत्ति हो । अझ रोचक कुरा, यस्तो सुविधा काठमाडौंको त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा उपलब्ध छैन तर यसको 'सेकेन्डरी प्रोटेक्सन जोन'को करिब १.३ किलोमिटर भाग भारतीय भूभागमा पर्ने भएकाले भारतसँग आवश्यक सहमति हुन बाँकी छ। यस विषयमा पहिले पत्राचार भए पनि त्यसपछि दुवै पक्षबाट पर्याप्त 'फलोअप' नभएको उनी स्वीकार गर्छन् । अहिलेसम्म सञ्चालन भएका अन्तर्राष्ट्रिय उडानमा यसले कुनै प्रत्यक्ष समस्या सिर्जना गरेको छैन । गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको चार वर्ष बितिसक्दा पनि नियमित अन्तर्राष्ट्रिय उडान हुन नसक्नुले निजी क्षेत्रलाई पनि उत्तिकै निराश बनाएको छ। तर निजी क्षेत्रका प्रतिनिधिको बुझाइमा यसको मूल समस्या यात्रुको अभावभन्दा धेरै गहिरो छ। उनीहरुका अनुसार सरकारको नीतिगत अन्योल, काठमाडौं केन्द्रित हवाई बजार, भारतसँगको अपर्याप्त कूटनीतिक पहल र कमजोर समन्वयका कारण विमानस्थलले आफ्नो वास्तविक सम्भावना उपयोग गर्न सकेको छैन।
नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) लुम्बिनी प्रदेशका अध्यक्ष चन्द्रबहादुर श्रेष्ठ गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनमा ढिलाइ हुनुमा सरकारको नीतिगत कमजोरीलाई मुख्य कारण मान्छन्। उनका अनुसार चार वर्षदेखि सरकारले 'विमानस्थल चल्छ' भन्ने आश्वासन मात्रै दिइरहेको छ। अब आश्वासन होइन, ठोस निर्णय आवश्यक छ । उनी भन्छन्, 'काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा दैनिक अत्यधिक हवाई चाप छ।
जहाजहरु अवतरणका लागि लामो समय आकाशमा होल्ड भइरहेका छन् । यस्तो अवस्थामा दोस्रो अन्तरराष्ट्रिय विमानस्थललाई प्रभावकारी रुपमा प्रयोग गर्ने नीति सरकारले तत्काल ल्याउनुपर्छ ।' थापाको सुझाव छ, 'सरकारले हवाई नीतिमा संशोधन गरेर अन्तर्राष्ट्रिय उडानको स्पष्ट वर्गीकरण गर्नुपर्छ। 'फुल–सर्भिस क्यारियर' र ठूला वाइडबडी विमान काठमाडौंमा केन्द्रित रहन सक्छन् भने बुद्ध सर्किट, धार्मिक पर्यटन र क्षेत्रीय बजार लक्षित बजेट एयरलाइन्स तथा न्यारोबडी जहाजलाई भैरहवामा अवतरण गर्न प्रोत्साहन मात्र होइन, आवश्यक परे नीतिगत व्यवस्था गर्नुपर्छ।'
सरकारले सबै अन्तरराष्ट्रिय उडान काठमाडौंमै केन्द्रित हुने वर्तमान अवस्था परिवर्तन नगरेसम्म गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलले अपेक्षित गति लिन नसक्ने उनको ठम्याइ छ । नेपालमा सञ्चालनमा रहेका अधिकांश अन्तरराष्ट्रिय एयरलाइन्सका एजेन्ट काठमाडौंका सीमित व्यवसायीको नियन्त्रणमा रहेको उनको दाबी छ । टिकट बिक्री, बजार व्यवस्थापन, प्रचारप्रसार र यात्रु वितरणको सम्पूर्ण अधिकार केही कम्पनीमा केन्द्रित हुँदा भैरहवा र पोखराजस्ता नयाँ अन्तरराष्ट्रिय विमानस्थलले प्रतिस्पर्धा गर्ने अवसर नै पाएका छैनन् । 'काठमाडौंका जिएसएले आफ्नै व्यापारिक हितअनुसार जहाजको बजार व्यवस्थापन गर्छन्। स्थानीय ट्राभल एजेन्सीलाई पर्याप्त सहयोग, सहुलियत वा टिकटको समान पहुँच दिइँदैन', थापा भन्छन् । उनको प्रस्ताव छ– भैरहवा र पोखराका लागि स्थानीयस्तरका जिएसए नियुक्त गर्ने नीति सरकारले ल्याउनुपर्छ । उडानको सुनिश्चित भए लुम्बिनीका पर्यटन व्यवसायी र ट्राभल कम्पनी ठूलो लगानी गरेर पनि त्यो जिम्मेवारी लिन तयार रहेको उनको दाबी छ।
लुम्बिनी आउने धेरै विदेशी पर्यटक भारतका बौद्ध तीर्थस्थल पनि भ्रमण गर्न चाहन्छन् तर अहिले भारतको इ–भिसा लिएर आएका तेस्रो मुलुकका पर्यटक बेलहिया नाका हुँदै भारत प्रवेश गर्न नपाउने व्यवस्था रहेको श्रेष्ठ बताउँछन् । यसले बुद्ध सर्किटको अवधारणालाई कमजोर बनाएको उनको भनाइ छ । नेपाल सरकारले भारतसँग उच्चस्तरीय कूटनीतिक पहल गरेर यो समस्या समाधान गर्नुपर्नेमा उनको जोड छ। पश्चिम नेपालका हजारौं युवा हरेक वर्ष वैदेशिक रोजगारीमा जान्छन् तर मेडिकल परीक्षण, श्रम स्वीकृति, बायोमेट्रिक र भिसा प्रक्रियाका लागि उनीहरू अझै काठमाडौं जान बाध्य छन् । भैरहवामै श्रम डेस्क, मेडिकल सेन्टर र प्रमुख मुलुकका भिसा सेन्टर स्थापना गर्न सकियो भने यही क्षेत्रबाट ठूलो संख्यामा यात्रु अन्तर्राष्ट्रिय उडानमा जोडिनसक्ने उनको विश्वास छ। नेपाल उद्योग वाणिज्य महासङ्घ, लुम्बिनी प्रदेशका अध्यक्ष ठाकुरकुमार श्रेष्ठ पनि गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई केबल रुपन्देहीको परियोजना मान्न नहुने बताउँछन्। 'धनगढी, नेपालगञ्ज, दाङ, बर्दिया, कैलाली, कञ्चनपुरका नागरिकलाई काठमाडौं पुगेर जहाज चढ्नुभन्दा भैरहवा आउन समय र खर्च दुवै हिसाबले सहज हुन्छ । श्रेष्ठको विचारमा अरुलाई दोष दिनुभन्दा पहिले नेपाल सरकारले आफ्नै दायित्व पूरा गर्नुपर्छ । उनी प्रश्न गर्छन्, 'सरकारकै स्वामित्वमा रहेको नेपाल एयरलाइन्सले दैनिक एउटा नियमित अन्तरराष्ट्रिय उडान किन सुरु गर्न सक्दैन ?'
उनका अनुसार नेपाल एयरलाइन्स र हिमालयन एयरलाइन्सले नियमित उडान सुरु गरे त्यसले बजारमा सकारात्मक सन्देश जानेछ। त्यसपछि विदेशी एयरलाइन्स पनि भैरहवाप्रति आकर्षित हुन सक्छन्। यदि यात्रु उडान तत्काल विस्तार गर्न कठिन छ भने कार्गो उडानलाई विकल्पका रुपमा अघि बढाउन सकिने सुझाव पनि निजी क्षेत्रले दिएको छ । विमानस्थलमा पर्याप्त भौतिक पूर्वाधार, जनशक्ति र सञ्चालन क्षमता रहेका अवस्थामा अन्तर्राष्ट्रिय कार्गो सेवा सुरु गर्न सकिए कृषि उत्पादन, औद्योगिक वस्तु र निर्यात व्यापारले नयाँ बजार पाउन सक्छ । भारतसँग प्रत्यक्ष हवाई सम्पर्कलाई विमानस्थलको भविष्यसँग जोडेर हेरिएको छ । नयाँदिल्ली, मुम्बई, कोलकाता, बेङ्गलोर, वाराणसी वा लखनउबाट नियमित उडान सुरु भए भारतीय पर्यटक मात्रै होइन, बौद्ध धर्मावलम्बी, तीर्थयात्री तथा तेस्रो मुलुकका पर्यटक पनि सिधै लुम्बिनी आउन सक्नेछन्। यसले लुम्बिनीसँगै पाल्पा, पोखरा, मुक्तिनाथ र पश्चिम नेपालको पर्यटनलाई पनि प्रत्यक्ष लाभ पुग्नेछ । विसं २०२१ मा घाँसे हवाई मैदानबाट सुरु भएको यो विमानस्थल २०२३ सालदेखि आन्तरिक विमानस्थलका रुपमा हालको स्थानबाट सञ्चालनमा आएको छ। विसं २०७१ माघ १ गते तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले अन्तर्राष्ट्रिय विमानस्थलको शिलान्यास गर्नु भई करिब रु ३५ अर्बको लागतमा निर्माण भएको विमानस्थलको २०७९ जेठ २ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले उद्घाटन गरेका थिए । करिब आठ सय बिघामा फैलिएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा तीन किलोमिटरको रन–वे रहेको छ । 'फोर ई क्याटेगरी'को विमानस्थलमा नवौं क्याटेगरीको दमकलहरु रहेका छन् । त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल सरहको उडान र अवतरण हुनसक्ने यहाँ चार न्यारोबडी र एक वाइडबडी जहाज पार्किङ गर्न सकिन्छ। रासस

# वैज्ञानिकको सक्रियताले कृषिक्षेत्रलाई

## नयाँ उचाइमा पु¥याउने विश्वास छः मन्त्री चौधरी



**ललितपुर ।**
कृषि, वन तथा वातावरणमन्त्री गीता चौधरीले नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) का नवनियुक्त नयाँ वैज्ञानिकहरूको मेहनत र सक्रियताले देशको कृषिक्षेत्रलाई नयाँ उचाइमा पु¥याउने विश्वास रहेको बताएकी छिन् । नेपाल कृषि अनुसन्धान परिषद्द्वारा बुधबार आयोजित नवनियुक्त वैज्ञानिकहरूको अभिमुखीकरण कार्यक्रमको उद्घाटन समारोहमा मन्त्री चौधरीले नियुक्त भएर आएका वैज्ञानिकहरुलाई नयाँ उत्साहका साथ देशको कृषि क्षेत्रमा देखिएका समस्या समाधान गर्न इमानदार, मेहनती र नतिजामुखी भएर काम गर्न आग्रह गरिन् ।
नार्क र कृषि क्षेत्रमा सुधारको आवश्यकता छ, विगत केही वर्षदेखि परिषद्भित्र आन्तरिक जटिलता, संरचनागत समस्याका कारण आफ्नो अस्तित्वको परीक्षाको घडीमा गुज्रिसकेको छ । मन्त्रालयले यसलाई उच्च महत्व दिँदै आए पनि आजसम्म परिषद्ले आफ्नो स्पष्ट मार्गचित्र कोर्न सकिराखेको छैन, हाम्रो राष्ट्रको सबैभन्दा ठूलो विकासको आधार कृषि क्षेत्र हो, सुधारका लागि तपाईंहरू जस्ता वैज्ञानिकहरुको महत्त्वपूर्ण जिम्मेवारी रहनेछ, उनले भनिन् । मन्त्री चौधरीले वैज्ञानिकहरूको कार्यसम्पादन, सुशासन र नेतृत्व क्षमताका आधारमा अवसर प्रदान गरिने जानकारी गराउँदै राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमसँगको सहकार्यलाई अघि बढाउने तयारी भइरहेको बताइन् । इमानदार, मेहनती र नतिजामुखी भएर काम गर्ने वैज्ञानिकहरूले मात्र परिषद्को नेतृत्व गर्ने अवसर पाउने उनले बताइन् ।
नेपाल कृषि अनुसन्धान परिषद्का कायममुकायम निर्देशक डा श्रीमत श्रेष्ठले योजना, अनुगमन, प्रशासनिक गतिविधि, आर्थिक अनुशासन र अध्ययन अनुसन्धानका विषयमा पाँच दिनसम्म अभिमुखीकरण हुने जानकारी गराउँदै वैज्ञानिकहरुले किसानहरुसँग भएको वर्षौंदेखिको अनुभव, अनुभूतिलाई आत्मसात् गर्दै वैज्ञानिकसँग भएको ज्ञानमा आधारित रहेर नवप्रवर्तनमा जोड दिनुपर्ने धारणा राखिन् । नार्कले नवनियुक्त ४४ वरिष्ठ वैज्ञानिक र २७ वैज्ञानिकका लागि पाँच दिनको अभिमुखीकरण सुरू गरेको हो । रासस

# सिंहदरबारमा ह्वीलचियर र सहयोगी सेवा सुरु



**काठमाडौँ ।**
सिंहदरबारभित्रका सरकारी कार्यालयमा शारीरिक रूपमा अशक्त, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका सेवाग्राही र सरकारी कर्मचारीको सहज आवागमनका लागि ह्वीलचियर र सहजकर्ताको व्यवस्था सुरु गरिएको छ ।
नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मुख्यसचिव सुमनराज अर्यालले शुभारम्भ गरेको उक्त सेवालाई सिंहदरबारभित्र कार्यरत कर्मचारी र सेवाग्राहीले सकारात्मक कदमका रूपमा लिएका छन् । अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन र स्थापित कानुनले निर्दिष्ट गरेको नागरिक तथा श्रमिक अधिकारको अक्षरशः पालना गर्दै सरकारले कानुनी एवं नैतिक दायित्वलाई उच्च प्राथमिकताका साथ कार्यान्वयनमा ल्याएको हो ।
सेवाको उद्घाटन गर्दै मुख्यसचिव सुमनराज अर्यालले अब सार्वजनिक सेवा लिन आउने सेवाग्राही र कार्यालय आवतजावत गर्ने कर्मचारीले शारीरिक अवस्थाका कारण असहजता महसुस गर्न नपर्ने बताए ।
सिंहदरबारका अधिकांश कार्यालय अपाङ्गमैत्री बनिसकेको र बाँकी चाँडै संरचना बन्ने जानकारी दिँदै उनले विगतमा अपाङ्गता भएका तथा अशक्त कर्मचारी र सेवाग्राहीले भोग्नुपरेको कठिनाइलाई अन्त्य गर्दै लगिने जानकारी दिए ।
प्रधानमन्त्री कार्यालयका प्रवक्ता हेमराज अर्यालका अनुसार सेवा लिन आउने नागरिक र कर्मचारी दुवैलाई कार्यालय परिसरबाट सम्बन्धित शाखा वा कार्यकक्षसम्म सुरक्षित र सहज रूपमा पुग्ने व्यवस्था मिलाइएको छ । त्यसका लागि प्रत्येक ह्वीलचियरसँगै एक जना तोकिएको कर्मचारी सहजकर्ताका रूपमा खटिने र त्यस्ता सेवाग्राही र कर्मचारीलाई सहयोग पु¥याउने छन् । सरकारले त्यस व्यवस्थालाई औपचारिकता वा तत्कालिक सुरुआतमा मात्र सीमित नराखी दीर्घकालीन रूपमा निरन्तरता दिने दृढ सङ्कल्प लिएको प्रवक्ता अर्यालले बताए ।
सिंहदरबार छिर्ने प्रत्येक अशक्त कर्मचारी र सेवाग्राहीले जुनसुकै दिन र समयमा पनि विनाझन्झट सुविधा निरन्तर रूपमा प्राप्त गर्न सक्नेछन् । उक्त सेवा आगामी दिनमा देशभरका अन्य सरकारी निकायले पूर्ण कार्यान्वयन गर्नेछन् । रासस

## प्रतिनिधिसभा बैठकः

# उठेका विषयमा सरकारले स्पष्ट पार्नुपर्ने माग

# रासायनिक मलको सहज व्यवस्था गरियोस्



**काठमाडौँ ।**
प्रतिनिधिसभाको बुधबारको दोस्रो बैठकमा पनि विपक्षी दलका सांसदहरूले आफूहरूले उठाइएका विषयमा सरकारले स्पष्ट जवाफ दिनुपर्ने मागलाई निरन्तरता दिएका छन् । नेकपा (एमाले)का राजेन्द्रकुमार राईले आफूहरूले प्रतिनिधिसभाको नियमावलीमा भएको व्यवस्थाबमोजिम नै प्रधानमन्त्रीलाई सदनमा आएर जवाफ दिन माग गर्दै आएको जिकिर गरे । उनले संवाद र सहमतिको वातावरण सृजना गर्न पनि आग्रह गरे ।
त्यसपछि सभामुख डोलप्रसाद अर्यालले यसअघिको पहिलो बैठकमा सांसद राईले सभामुखलाई लक्षित गरी बोलेका शब्द रेकर्डबाट हटाउन सचिवालयलाई निर्देश गरे । नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का परशुराम तामाङले नेपालले कुनै पनि मुलुकको सीमा मिच्ने कुनै काम नगरेको र छिमेकीसँगको मित्रता कायम गर्दै आएकाले मिचिएको भूमि फिर्ताको माग गरेको बताए ।
श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राईले नेपालले पनि भारतको भूमि मिचेको भन्ने अभिव्यक्तिका विषयमा जवाफ माग गरे । उनले सामाजिक सञ्जालमा गालीगलौज गर्ने प्रवृत्ति बढेको र सरकारले सबैलाई समान रूपमा कारबाही गर्नुपर्ने बताए । राष्ट्रिय प्रजातन्त्र पार्टीका ताहिर अलि भाटले उठेका विषयमा सदनमा आएर स्पष्ट पार्न सभामुखले गरेको प्रयास सार्थक नभएको टिप्पणी गरे ।

- **रासायनिक मलको सहज व्यवस्था गरियोस्**

प्रतिनिधिसभाको बुधबारको बैठकको शून्य समयमा भाग लिने अधिकांश सांसदहरुले धानखेती लगाउने समयमा रासायनिक मल अभावका कारण चिन्तित किसानका समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गरे । उनीहरूले यसअघिका वर्षहरूमा जस्तै यस वर्ष पनि मल अभावको समस्याबाट किसान मारमा परेको उल्लेख गर्दै मलको सहज व्यवस्थापन गरियोस् भने ।
सांसद शम्भुप्रसाद ढकालले फरक प्रसङ्गमा जनताको अपेक्षाअनुसार सरकारी कार्यालयबाट सेवाप्रवाह नहुँदा सर्वसाधारणले दुःख व्यहोर्नुपरेको भनी सरकारको ध्यानाकर्षण गराए । सांसद ललिता कुमारीले शुद्धशाकाहारी तथा धार्मिक पर्यटकलाई लक्षित गरी खानेबस्ने प्रबन्ध मिलाउन सम्बद्ध पक्षको ध्यानाकर्षण गरिन् । सांसद लालविक्रम थापाले आफ्नो निर्वाचन क्षेत्रमा पर्याप्त बजेट विनियोजन गरेकामा सरकारलाई धन्यवाद दिँदै २५ वर्षदेखि अलपत्र अवस्थामा रहेको इनरुवादेखि कप्तानगन्जसम्मको सडक निर्माणको कामले गति लिएको बताए ।
सांसद लीमा अधिकारीले नेपाली वायुसेवा कम्पनीमाथि लागेको प्रतिबन्ध खुलाउन कूटनीतिक पहल गरियोस् भनिन् । सांसद लेखजङ्ग थापाले लुम्बिनी प्रदेशको भीम अस्पतालमा पर्याप्त जनशक्तिसहित आइसियुको अभावमा उपचारबाट सर्वसाधारण वञ्चित हुनुपरेको उल्लेख गर्दै अत्यावश्यक पूर्वाधार र जनशक्तिको व्यवस्था गरी स्वास्थ्य सेवा सुनिश्चित गर्न माग गरे । सांसद विक्रम थापाले भारतसँगको समन्वयमा कपिलवस्तुको बाणगङ्गा नदीको तटबन्धको काम अघि बढाउने भनिएकामा अहिलेसम्म केही प्रगति नभएको उल्लेख गर्दै तटबन्धको काम अघि बढाइ बाढीबाट जनतालाई बचाउन अनुरोध गरे । सांसद विष्णुमाया विकले अस्थायी रुपमा होल्डिङ सेन्टरमा राखिएका सुकुमवासीलाई रु २५ हजार दिएर घर फर्काउन खोज्नु न्यायोचित नभएको बताइन् ।
सांसद शिवशङ्कर यादवले 'लोडसेडिङ'को समस्याबाट मधेसका जनता प्रभावित भएको भन्दै सिरहाको २८ ठाउँमा टान्सफर्मर आवश्यक देखिएकाले त्यसको व्यवस्था गरी पीडित जनतालाई राहत दिन अनुरोध गरे । सांसद शोभा खनालले कृषिप्रधान देशमा पनि कृषकले खेती गर्ने समयमा रासायनिक मलको अभाव खेप्दै आएको विषयमा ध्यानाकर्षण गराइन् । सांसद श्रद्धाकुँवर क्षेत्रीले विद्युत्मा देखिएको समस्याका कारण जनताले सास्ती व्यहोर्नुपरेको र महँगीका कारण जनताको जीवनयापनमा समस्या देखिएकोतर्फ सरकारको ध्यानाकर्षण गरे । सांसद श्रीधर पोखरेलले बर्दियाका उखु कृषकले लागतअनुसारको मूल्य पाउन नसकेको भनी सरकारको ध्यानाकर्षण गराए ।
सांसद श्रीराम न्यौपानेले जलस्रोत र ऊर्जा क्षेत्रबाट अपेक्षित फाइदा लिननसक्दा देश 'रेमिटान्स'को भरमा चल्नुपरेको भनी गुनासो गरे । सांसद सन्तोषराज वंशीले खाद्य सुरक्षासँग प्रत्यक्ष जोडिएको रासायनिक मलको अभाव भएकाले सोको व्यवस्था गर्न सरकारसँग अनुरोध गरे । सांसद सन्दीप रानाले पाल्पा जिल्ला अस्पतालसहित देशभर नै 'एन्टिरेबिज' खोपको अभाव भएकाले त्यसमा सरकारको ध्यान जाओस् भनिन् । सांसद समिना मियाँले मानव र वन्यजन्तुबीचको द्वन्द्व बढेको अवस्थामा समाधानका लागि आवश्यक समन्वयसहित पहल हुनुपर्ने धारणा व्यक्त गरिन् । सांसद समीक्षा बाँस्कोटाले सबै खालको कानुन तथा नीति निर्देशिका समेटिएको 'डिजिटल पोर्टल' सञ्चालन गर्न सरकारको ध्यानाकर्षण गराइन् ।
सांसद सरस्वती लामाले नेपालको बाटो हुँदै कैलाश मानसरोवरको दर्शन गर्न आएका भारतीय पर्यटकले चिनियाँ 'भिषा' नपाउँदा नेपालमै अलपत्र पर्ने अवस्था सृजना भएकाले कूटनीतिक पहलमार्फत समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराइन् । सांसद सरिता महतोले बौद्धिक अपाङ्गता भएका बालबालिकाका अभिभावकले सोसम्बन्धी कागजातपत्र पाँच वर्षपछि मात्रै प्राप्त गर्ने विद्यमान प्रावधान सुधार्न गर्न अनुरोध गरिन् । सांसद सागर भुसालले पर्वत जिल्लाका दजनौँ सडक वर्षौंदेखि अलपत्र पर्दा वर्षामा हिलाम्मे भई आउजाउको समस्या परेकाले समाधानका लागि सरकारको ध्यानाकर्षण गराए ।
सांसद सजिता खातुन सिद्धिकीले गरिब जनतामाथि हुनेगरेका अन्यय र अत्याचारको अन्त्य गर्न सरकारसँग अनुरोध गरिन् । सांसद सीताराम साहले मधेसको सिरहा र सप्तरीका जमिनमा अझै पनि सिँचाइको अभाव रहेको उल्लेख गर्दै समस्या समाधानको लागि सरकारको ध्यानाकर्षण गराए । सांसद सिर्जना श्रेष्ठले नेपालका युवाहरु आफ्ना प्रमाणपत्र लिएर विदेश भासिन बाध्य भएकाले सो समस्या रोकथाम र नियन्त्रणको लागि आवश्यक कदम चाल्न सरकारसँग माग गरे ।
शून्य समयमा भाग लिने सुम्निमा उदास, सुशीलकुमार कानुलगायतका सांसदले रासायनिक मल अभावसहित समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराएका थिए ।

- **किसानका समस्यादेखि प्राकृतिक प्रकोपसम्मको चर्चा**

प्रतिनिधिसभाका सांसदले किसानले झेल्दै आएका समस्या, प्राकृतिक प्रकोप व्यवस्थापनमा सुधार्नुपर्ने पक्ष तथा महिला हिंसालगायत समसामयिक विषयवस्तु उठाएका छन् । प्रतिनिधिसभाको बुधबारको आकस्मिक समयमा भाग लिँदै सांसद अभिषेकप्रताप शाहले बर्दियाका उखु किसानले लामो समयसम्म आफ्नो उत्पादन बिक्रीवापत पाउनुपर्ने रकमको भुक्तानी नपाएकोबारे सरकारको ध्यानाकर्षण गराए । सांसद प्रकाश पाठकले कार्यस्थलमा श्रमिकको सुरक्षाको पूर्णप्रत्याभूति दिलाउने वातावरण बनाउन सरकार आग्रह गरे । सांसद कन्हैया बनियाँले तराई–मधेशका किसानले समयमै रासायनिक मल र सिँचाइ प्राप्त गर्न नसक्दा अनेकौँ समस्या झेल्नु परेको बताए ।
सांसद लक्ष्मीप्रसाद पोखरेलले कर्णाली राजमार्गको विस्तारसँगै स्तरोन्नतिका लागि आवश्यक बजेट छुट्याउनु माग गरिन् । सांसद शाहजान खातुनले महिला तथा बालबालिका हिंसा कुनैपनि हालतमा स्वीकार्य नभएको जनाउँदै सभ्य र सुसंस्कृत समाज निर्माणको वातावरण बनाउन सबै पक्षसँग आह्वान गरिन् । सांसद दीपकराज बोहराले महाकाली सिँचाइ आयोजनामा देखिएको समस्या समाधान गर्न सरकारले भारतसँग कूटनीतिक पहलको आवश्यकता औँल्याए ।
सांसद कमल सुवेदीले समयमै सडकको मर्मतसम्भार, ग्राभेल र कालोपत्र नहुँदा वर्षायाम सुरु भएसँगै दाङका विभिन्न स्थानमा जाने सडक अस्तव्यस्त हुँदा स्थानीयले सास्ती खेप्न परेकाले त्यसप्रति सरकारको ध्यानाकर्षण गराए । सांसद ऐनबहादुर महरले बझाङको सुर्मा गाउँपालिका–२ मा चट्याङ पर्दा पशुचौपाय तथा घरगोठ नोक्सानी भएकाले पीडित किसानलाई क्षतिपूर्तिको माग गरे । सांसद हरिनादेवी कामीले वैदेशिक रोजगारका लागि भारत पुगेका डडेलधुराका भोजबोहरा बेपत्ता भएको जनाउँदै खोजीको माग गरिन् । सांसद यज्ञमणि न्यौपानेले बिजुलीको खम्बामा चढ्ने मजदुरको सुरक्षाबारेमा राज्यले विशेष ध्यान पु¥याउनुपर्नेमा जोड दिए ।
सांसद पार्वती विकले प्राकृतिक प्रकोपबाट सिर्जित घटनामा नागरिकले भोग्नुपरेको नोक्सानीबापतको क्षतिपूर्ति उपलब्ध गराउन सरकारले ढिलाइ गर्न नहुने धारणा राखिन् । सांसद नरेन्द्रकुमार केरुङले गतहप्ता आएको बाढीले सखुवासभाको विद्यालय र जनजीवनमा पारेको प्रभावबारे सदनलाई जानकारी दिँदै त्यस क्षेत्रमा भू–गर्भविद्को टोली तत्काल खटाएर जोखिममा रहेका स्थानीयको सुरक्षा प्रदान गर्ने कार्ययोजना बनाउन सुझाव दिए । सांसद अरबिन्द साह कलैयामा सारिया खातुनको आत्महत्याको घटना साइबर बुलिङकारण भएको जनाउँदै यसले निम्त्याउने खतराबारे सरकार समयमै सचेत रहनुपर्ने धारणा राखे । रासस

# अर्थतन्त्रको विकासका लागि

# निजी क्षेत्रसँग सहकार्य गर्ने प्रमको प्रतिबद्धता

काठमाडौँ ।
प्रधानमन्त्री वालेन्द्र शाहले उद्योग व्यवसाय, लगानी वातावरण तथा आर्थिक सुधारसम्बन्धी विषयमा निजी क्षेत्रका प्रतिनिधिसँग छलफल गरेका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुधबार भएको छलफलमा प्रधानमन्त्री शाहले मुलुकको आर्थिक गतिविधिलाई चलायमान एवं सशक्त बनाउने, उद्योग व्यवसाय सञ्चालनलाई थप सहज बनाउने, लगानीमैत्री वातावरण निर्माण गर्ने, नीतिगत तथा प्रक्रियागत अवरोध हटाउने, निजी क्षेत्रको मनोबल अभिवृद्धि गर्ने तथा रोजगारी सृजना र उत्पादन वृद्धि गर्ने विषयमा विस्तृत छलफल गरेका हुन् ।
सो अवसरमा प्रधानमन्त्री शाहले देशको आर्थिक विकास, लगानी विस्तार, रोजगारी सृजना र उत्पादन वृद्धिमा निजी क्षेत्र सरकारको महत्वपूर्ण साझेदार रहेको उल्लेख गर्दै उद्योगी व्यवसायीले भोगिरहेका व्यावहारिक समस्या समाधान गर्न सरकार तयार रहेको बताए । उनले उद्योग तथा निजी क्षेत्रमैत्री वातावरण निर्माणका लागि आवश्यक नीतिगत, कानुनी तथा प्रशासनिक सुधारलाई प्राथमिकताका साथ अघि बढाइने प्रतिबद्धता व्यक्त गरे ।
छलफलका क्रममा निजी क्षेत्रका प्रतिनिधिहरूले उद्योग–व्यवसाय प्रवद्र्धन, लगानी विस्तार, नीतिगत स्थिरता, सेवा प्रवाहमा सरलता तथा सरकार–निजी क्षेत्रबीच नियमित र परिणाममुखी संवादको आवश्यकताबारे सुझाव प्रस्तुत गरेका थिए । प्रधानमन्त्री शाहले प्राप्त सुझावलाई गम्भीरतापूर्वक लिँदै सम्बन्धित निकायमार्फत आवश्यक सहजीकरण तथा सुधारका कार्य अघि बढाइने बताए । उनले आर्थिक सुधारको अभियानमा सरकार निजी क्षेत्रसँग सहकार्य गर्दै अगाडि बढ्ने स्पष्ट पारे । उक्त छलफलमा नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष अञ्जन श्रेष्ठ, उद्योग समितिका सभापति उज्ज्वलकुमार श्रेष्ठ, नेपाल उद्योग परिसङ्घका निवर्तमान अध्यक्ष राजेशकुमार अग्रवाल र महानिर्देशक डा घनश्याम ओझा, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवाल तथा वरिष्ठ उपाध्यक्ष दीपक मल्होत्राको सहभागिता रहेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।
यसैगरी, सो छलफल कार्यक्रममा



प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सल्लाहकार कुमार व्यञ्जनकार, सूचना तथा सञ्चार प्रविधि सल्लाहकार विवेक मिश्र, प्रमुख स्वकीय सचिव सुवास शर्मा र प्रतिनिधिसभा सदस्य विदुषी राणा सहभागी थिए । निजी क्षेत्रसम्बद्ध उद्योगी व्यवसायीहरूको प्रतिनिधिमूलक संस्थाका प्रमुख तथा पदाधिकारीहरूसँग भएको उच्चस्तरीय छलफलबाट मुलुकको उद्योग व्यवसाय प्रवद्र्धन, लगानीका लागि वातावरण सुधार, सरकार र निजी क्षेत्रबीचको सहकार्यसहित निजी क्षेत्रमैत्री नीतिनिर्माणमा सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ । रासस

# इन्दिराको मूर्तिकारिताको माग उच्च

**वासुदेव पौडेल**
**बागमती।**



चितवनको भरतपुर महानगरपालिका–२१ पार्वतीपुरस्थित 'डिभाइन आर्ट स्टुडियो'का सञ्चालिका इन्दिरा श्रेष्ठको मूर्तिकारिता यतिखेर अन्यका लागि पनि प्रेरक बनेको छ।

बाल्यावस्थाबाटै आफ्नो मूर्तिकारिताप्रतिको रुचिलाई व्यावहारिक जीवनमा सशक्त प्रयोग गरिरहेकी उनले यसबीचमा धेरै संख्यामा मूर्तिहरू निर्माण गरिसकेकी छिन्। देशका विभिन्न स्थानमा उनले तयार गरेका मूर्तिहरू पुगिसकेका छन् भने ठाउँठाउँमा हुने गरेको विभिन्न मूर्ति कार्याशालामा पनि उनको माग उत्तिकै बढ्दो छ । हालै खोटाङको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकामा सञ्चालित मझुवागढी मूर्ति कार्याशाला पुगेर उनले साप्सु खोलाका ढुङ्गामा हेर्दै मनमोहक लाग्ने प्रकृतिपरक चरी अमिलीको पात निर्माण सम्पन्न गरिसकेकी छिन् । उनले तयार गरेका विभिन्न स्थानमा सजाइएका मूर्तिले पनि उनको मूर्तिकारितालाई थप चर्चामा पुर्याएका छन्।

चितवनको भरतपुर विमानस्थल अगाडि रहेको बाघको मूर्ति उनले नै निर्माण गरेकी छिन् । त्यस्तै कोहोलपुरको चौराहामा राखिएको बाघ, हात्ती आदिको मूर्ति, चितवनको भरतपुर महानगरपालिका–२२ वडा कार्यालय अगाडि कमलपोखरीको बीचमा राखिएको कमलको फूल, भरतपुर–२३ घैलाघारीमा राखिएको घैलासहितको महिलाको मूर्तिका कारण उनको मूर्तिकारिताले चर्चा पाउने गरेको छ । गोरखाको मनकामनामा राखिएको हातले सुन्तला थामेको मूर्तिदेखि रामपुरको विश्वविद्यालय अघि राखिएको नौ फिटको मकै, मैघौलीमा रहेको घैला बोकेको थरूनीको मूर्ति, नेपालगन्जको चिल्ड्रेन पार्कमा राखिएका गैँडाको माउ, बच्चा, हात्ती, बाघ आदिका मूर्तिहरू उनले निर्माण गरेकी हुन् । आफ्ना दाजु भीम श्रेष्ठको प्रेरणाले बाल्यवस्थादेखि नै मूर्तिकलाका क्षेत्रमा आकर्षित बनेकी श्रेष्ठ स्कुले जीवनका क्रममा पनि विभिन्न पेन्टिङहरू गर्ने गरेको अनुभव सुनाउँछिन्।

चितवनको पोखरा बसपार्कस्थित आदिकवि भानुभक्त माध्यमिक विद्यालयबाट एसएलसी उत्तीर्ण गरी सन् १९९९ मा ललितकला क्याम्पसमा प्रमाणपत्र तहमा भर्ना भएकी श्रेष्ठले त्यहीँबाट फाइन आर्ट विषयमा स्नातक तहसम्मको अध्ययन पूरा गरेकी थिइन् । स्नातक तहको पढाइ सन् २००४ मा सकेर काठमाडौँको सृजना क्याम्पसमा करिब पाँच–सात महिना मूर्तिकला पढाएपछि थप अध्ययनका लागि जर्मन गएकी उनले त्यहाँ पढाइसँगै त्यहाँ करिब छ वर्ष बिताएर स्वदेशमा नै केही गर्नुपर्छ भन्ने सोचका साथ नेपाल फर्किएको बताइन् । 'जर्मनबाट फर्केपछि पछिल्ला १० वर्षयता मूर्तिकारिताका क्षेत्रमा निरन्तर लागिरहेकी छु', उनले भनिन्, 'मूर्तिकारिताका क्षेत्रमा इमान्दार र जिम्मेवार भएर लाग्न सकेमा रोजगारीकै लागि कोही पनि भौँतारिनुपर्ने अवस्था छैन ।' ललितकलाका क्षेत्रमा मूर्तिकारिताको अध्ययनमा लागिरहेका युवायुवतीलाई उनले उच्च मनोवलका साथ आफ्नो अध्ययनलाई पूरा गर्न पनि सुझाइन्।

विभिन्न कार्यशालाहरूमा पनि सहभागी बनिसकेकी श्रेष्ठ सन् २००५ मा आयोजित पहिलो 'आरम्भ' मूर्तिकला सिम्पोजियममा समकालीन मूर्तिकारका रूपमा सहभागी भएकी थिइन् । उनी सोही वर्ष आयोजित 'हरमोनी' अन्तर्राष्ट्रिय मूर्तिकला सिम्पोजियममा दृश्य कलाकारका रूपमा सहभागी बनेकी थिइन् । सन् २०१५ मा आयोजित 'रुपान्तरण' ढुङ्गा मूर्तिकला कार्यशालामा दृश्य कलाकारका रूपमा सहभागिता जनाएकी थिइन् । त्यस्तै, सन् २०१७ मा 'स्वलेवा' मूर्तिकला कार्यशाला, सन् २०१९ मा कृति राष्ट्रिय मूर्तिकला सिम्पोजियम, 'सृजना' अन्तर्राष्ट्रिय मूर्तिकला सिम्पोजियम, मादी राष्ट्रिय ढुङ्गा मूर्तिकला कार्यशालाका साथै सन् २०२२ मा दोस्रो देवदह राष्ट्रिय मूर्तिकला कार्याशालामा दृश्य कलाकारका रूपमा उनी सहभागी बनेकी थिइन्।

मूर्तिकला क्षेत्रको निरन्तरको लगावसँगै उनले समकालीन मूर्तिकला विधामा सन् २०१५ को राष्ट्रिय कला प्रदर्शनीमा प्रथम पुरस्कार प्राप्त गरेकी थिइन् । त्यस्तै 'आर्ट फर नेचर' अन्तर्राष्ट्रिय कार्यशालाअन्तर्गत समकालीन मूर्तिकला विधामा सन् २०१५ को सर्वोत्कृष्ट प्रकृति कलाकार सम्मानका साथै २०१८ को आशाकुमारी गुरुङ ललितकला पुरस्कार प्राप्त गरिसकेकी छिन्। उनी हालै नगेन आर्ट एकेडेमीद्वारा खोटाङको मझुवागढी मूर्ति कार्याशालाका अवसर पारी आयोजित कार्यक्रममा ललितकला डायमन्ड वर्ष नारी २०८३ का रूपमा समेत सम्मानित भइसकेकी छिन् । मूर्तिकारिताका कारण आफू स्वरोजगार बन्नुका साथै डिभाइन आर्ट स्टुडियोमा दुई जनालाई थप रोजगारी पनि दिइरहेकी छिन्। 'करिब दुई महिनाको समयावधिमा रु १० लाखबराबर मूल्य पर्ने मूर्ति बनाउन सकिन्छ', उनले भनिन्, 'बजारमा विभिन्न मूर्तिहरूको माग पनि उत्साहजनक नै भएका कारण यस पेसामा इमान्दार भएर लाग्नेले पेसाकै कारण पछुताउनुपर्ने अवस्था छैन ।' काम गर्दै जाँदा कहिलेकाहीँ निराशा आउन सक्ने भएपनि नआत्तिन र आफ्नो कामलाई निरन्तर बढाइरहन पनि नवोदित मूर्तिकारहरूलाई उनको सुझाव छ। रासस

# भाइरल पोस्टबाट भारतमा विद्यार्थी असन्तुष्टि




**नयाँदिल्ली ।**

भारतका प्रधानन्यायाधीशले सरकारको आलोचना गर्ने युवाहरूलाई 'कक्रोच' र 'परजीवी' सँग तुलना गरेको भनिएको टिप्पणीपछि सामाजिक सञ्जालमा गरिएको एउटा व्यङ्ग्यात्मक पोस्टले अहिले विद्यार्थी असन्तुष्टि र विरोध आन्दोलनको रूप लिएको छ । इन्जिनियरिङ स्नातक अभिजीत डिप्केले गरेको उक्त पोस्ट केही घण्टामै भाइरल भएपछि लाखौँ युवाको समर्थन जुटेको छ भने आन्दोलन सामाजिक सञ्जालबाट सडकसम्म पुगेको छ ।

संयुक्त राज्य अमेरिकामा रोजगारी खोजिरहेका ३० वर्षीय डिप्केले प्रधानन्यायाधीश सूर्य कान्तको टिप्पणीबाट आफू स्तब्ध भएको बताएका छन् । प्रधानन्यायाधीशले भने आफ्नो भनाइ सन्दर्भबाहिर प्रस्तुत गरिएको दाबी गरेको थियो । तीव्र आर्थिक वृद्धि भए पनि भारतमा लाखौँ युवा स्थायी र राम्रो आम्दानी हुने रोजगारीबाट वञ्चित रहेको अवस्थाले असन्तुष्टि बढाएको डिप्केको भनाइ छ ।

उनले मे महिनामा एक्समा व्यङ्ग्यात्मक रूपमा 'यदि सबै कक्रोचहरू एकजुट भए भने के होला ?' भन्ने पोस्ट गर्नुभएको थियो । त्यसपछि उहाँले सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) को नामसँग मिल्ने गरी कक्रोच जनता पार्टी (सिजेपी) नामक व्यङ्ग्यात्मक अभियान सुरु गरेका छन् । अभियान सुरु भएको दुई घण्टामै करिब पाँच हजार जनाले दर्ता गरेका थिए भने २४ घण्टाभित्र ३० हजारभन्दा बढी सहभागी भएका थिए ।

अहिले सिजेपीको इन्स्टाग्राम खातामा दुई करोड २० लाखभन्दा बढी फलोअर्स पुगेका छन् । यो सङ्ख्या भाजपाको एक करोड ३० लाख फलोअर्सभन्दा बढी हो । डिप्केका अनुसार यसले भारतका युवाहरू विद्यमान राजनीतिक दलहरूप्रति गहिरो असन्तुष्ट रहेको स्पष्ट सन्देश दिएको छ । विशेषगरी २० वर्ष आसपासका जेन–जेड विद्यार्थीहरूले अभियानलाई तीव्र रुपमा अघि बढाएका छन् । उनीहरूले आफ्ना समस्या कुनै पनि राजनीतिक दलले नसुनेको गुनासो गर्दै आएका छन् ।

अनलाइन अभियान विस्तारै सडक आन्दोलनमा परिणत भएको छ ।

सिजेपीले विभिन्न सहरमा प्रदर्शन गरिरहेको छ भने संयुक्त राज्य अमेरिकाबाट जुन ६ मा फर्किएका डिप्केले गत महिना नयाँदिल्लीको जन्तर मन्तरमा दोस्रो चरणको आन्दोलन सुरु गरेको थियो । यो अझै जारी छ ।

आन्दोलनको मुख्य माग शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामा हो । आन्दोलनकारीहरूले शिक्षा प्रणालीमा कमजोरी, विशेषगरी मेडिकल प्रवेश परीक्षामा पटक–पटक देखिएको प्रश्नपत्र चुहावट र अनियमितताप्रति सरकार जिम्मेवार रहेको आरोप लगाएका छन् । यिनै घटनाले आन्दोलनलाई थप बल दिएको उनीहरूको भनाइ छ ।

दिल्ली विश्वविद्यालयकी २५ वर्षीया छात्रा अञ्जलीले सामाजिक सञ्जालमा सुरु भएको व्यङ्ग्य अहिले युवाको दीर्घकालीन आक्रोशको अभिव्यक्तिमा परिणत भएको बताउनुभयो । उहाँका अनुसार पछिल्लो एक दशकदेखि युवामा बढ्दै गएको निराशा अहिले खुला रूपमा बाहिर आएको हो । प्रख्यात जलवायु अभियन्ता सोनम वाङचुक पनि जुन २८ देखि अनशनसहित आन्दोलनमा सहभागी भएको छ । उनले विश्वको सबैभन्दा ठूलो लोकतन्त्र भएको दाबी गर्ने सरकार नागरिकको आवाजप्रति संवेदनशील र उत्तरदायी हुनुपर्ने बताए ।

यसअघि विपक्षी आम आदमी पार्टीका सञ्चार रणनीतिकारका रूपमा काम गरिसक्नुभएका डिप्केले भने आन्दोलनलाई राजनीतिक दलमा रूपान्तरण गर्ने आफ्नो योजना नरहेको स्पष्ट पारेका छन् । उनका अनुसार अहिलेको उद्देश्य विद्यार्थीको असन्तुष्टि, परीक्षा प्रणालीमा देखिएका अनियमितता र संस्थाप्रतिको बढ्दो अविश्वासलाई उजागर गर्नु हो । भारतमा समाधान गर्नुपर्ने यस्ता धेरै समस्या अझै बाँकी रहेको उनको भनाइ छ । रासस

# गुन्द्रुकले बदलेको ग्रामीण महिलाको जीवनस्तर



**अञ्जली थापा**
**हेटौँडा ।**

केही वर्षअघिसम्म हेटौँडा उपमहानगरपालिका–१२ घलेगाउँकी ३८ वर्षीया श्रिया गुरुङको दैनिकी अधिकांश ग्रामीण नेपाली महिलाको जस्तै थियो । बिहान सबेरैदेखि घरधन्दा, परिवारको हेरचाह, पशुपालन र खेतबारीको काममा दिन बित्थ्यो । दिनभर काम गरे पनि आफ्नो नाममा आम्दानी भने थिएन । परिवारको खर्च धान्न श्रीमान्को कृषि आम्दानी भर पर्नुपथ्र्यो । एउटी छोरीको भविष्य, घरखर्च र बढ्दो आर्थिक दायित्वले उहाँलाई सधैँ चिन्तित बनाइरहन्थ्यो । 'आफ्नो कमाईको एक रुपैयाँ पनि थिएन,' श्रिया विगत सम्झँदै भन्छिन्, 'भविष्यको चिन्ता त धेरै थियो, तर सम्भावना भने केही थिएन । गाउँमै केही गरौँ भन्ने सोच थियो, तर कसरी सुरु गर्ने भन्ने आधार थिएन ।' गाउँघरमा हरेक वर्ष बनाइने गुन्द्रुक उनका लागि घरायसी परिकार मात्र थियो । हिउँदका लागि साग जोगाउने परम्परागत तरिकाभन्दा बाहिर गएर कोही कसैले पनि व्यवसायको रूपमा हेरेको थिएन । त्यसैले गुन्द्रुकले नै आफ्नो जीवन बदल्न सक्छ भन्ने कल्पना उनले कहिल्यै गरिनन् ।

'हामीलाई त गुन्द्रुक बेचेर पनि उद्यमी बन्न सकिन्छ भन्ने लागेको नै थिएन,' उनी भन्छिन्, 'यो सपना देखाउने काम ग्रिन फाउन्डेसन नेपालले गर्‍यो, र त्यो सपनालाई व्यवहारमा उतार्ने वातावरण हेटौँडा उपमहानगरपालिकाले बनाइदियो ।' ग्रिन फाउण्डेसन नेपालले तालिम र सामग्री हस्तान्तरणसहित सुरु गराएको उद्यममा हेटौँडा उपमहानगरपालिकाले सञ्चालन गरेको सीपमूलक तालिम, प्रारम्भिक आर्थिक सहयोग र उद्यम सञ्चालनसम्बन्धी परामर्शले श्रियाको सोच परिवर्तन गरिदियो । त्यसपछि उनले गाउँका अन्य महिलासँग मिलेर कञ्चनजङ्घा कृषि सहकारी संस्था लघु उद्यमी उद्योग स्थापना गरिन् । सुरुआत भने निकै सामान्य थियो । उद्योगमा संलग्न महिलाले वार्षिक प्रतिकट्ठा रु एक हजार ५०० का दरले १५ कट्ठा जग्गा भाडामा लिए । आफ्नै पसिना बगाएर रायोको साग लगाइयो र त्यसबाट 'अग्र्यानिक' गुन्द्रुक उत्पादन सुरु भयो । तर उत्पादन सुरु गर्नु जति चुनौतीपूर्ण थियो, बजार खोज्नु त्योभन्दा कठिन बन्यो ।

पहिलो वर्ष खेतमा मिहिनेतको कमी भएन । राम्रो उत्पादन भयो । तर बजारले ढोका खोलेन । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयको सरकारी अनुज्ञापत्र नहुँदा उत्पादन बजारसम्म पुर्‍याउन सकिएन । लाखौँ रुपैयाँ बराबरको गुन्द्रुक गोदाममै थन्कियो । बिक्री नहुँदा लगानी डुब्ने चिन्ता र भविष्यप्रतिको अन्योलले धेरै रात निद्रा हरायो । 'कति दुःख गरेर उत्पादन गर्‍यौँ', उनी सम्झन्छिन्, 'तर बेच्न नपाउँदा मन नै खिन्न हुन्थ्यो । मेहनत खेर जाने हो कि भन्ने डर लाग्थ्यो । तर हामीले हार मानेनौँ ।' त्यही धैर्यले अन्ततः फल दियो । हेटौँडा उपमहानगरपालिकाको सहजीकरणमा उत्पादनले खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयबाट सरकारी अनुज्ञापत्र प्राप्त गर्‍यो । सरकारी मान्यता पाएपछि उत्पादनप्रति बजारको विश्वास बढ्यो । व्यवसायी आफैँ सम्पर्कमा आउन थाले । 'अर्डर' बढ्न थाल्यो र बिक्रीको बाटो खुल्यो ।

'पहिले बिक्री नहोला कि भन्ने डर थियो,' श्रिया मुस्कुराउँदै भन्छिन्, 'अहिले त मागअनुसार उत्पादन नपुग्ला कि' भन्ने चिन्ता छ ।' अहिले समूहलाई यस वर्षको उत्पादन मात्र होइन, आगामी वर्षका लागि आएको मागसमेत पूरा गर्न भ्याइनभ्याइ छ । सुरुमा ११ जना रहेको समूह अहिले २० सदस्यीय बनेको छ । खेती विस्तार हुँदै गएको छ । हाल ३० कट्ठा जग्गामा खेती भइरहेको छ । निकट भविष्यमा ५० कट्ठासम्म विस्तार गर्ने योजना छ । उत्पादन बढेसँगै आगामी दिनमा ५० जनाभन्दा बढी स्थानीय महिलालाई प्रत्यक्ष रोजगारी दिने लक्ष्य पनि समूहले लिएको छ । उत्पादित गुन्द्रुक मकवानपुर, सिन्धुली र काठमाडौँमा बिक्रीका लागि जाने गरेको छ । अहिले माग पूरा गर्न हम्यहम्य परेको उनको भनाइ छ ।

उत्पादनलाई वर्षभरि निरन्तरता दिन समूहले छ महिनासम्म अग्र्यानिक गुन्द्रुक उत्पादन गर्छ भने बाँकी समय विभिन्न प्रकारका अचार उत्पादन गर्छ । अर्को एक संस्थाको प्राविधिक सहयोगमा अचार प्रशोधन, प्याकेजिङ र बजारीकरणको काम भइरहेको छ । समूहले करिब ३०० किलोग्राम अचार उत्पादन गरेको छ । प्रतिकिलोग्राम रु एक हजारका दरले बिक्री गर्दै आएको छ । यसबाट एक उत्पादन चक्रमै करिब रु तीन लाख बराबरको कारोबार हुने गरेको छ । गुन्द्रुकको बजार पनि निरन्तर विस्तार भइरहेको छ । समूहले उत्पादन गरेको 'अग्र्यानिक' गुन्द्रुक अहिले प्रतिकिलोग्राम रु ८०० मा बिक्री हुन्छ । स्थानीय बजारसँगै अन्य जिल्लाबाट पनि माग आउन थालेको छ । अग्र्यानिक गुन्द्रुक केवल नेपाली भान्साको परम्परागत स्वाद मात्र होइन, पोषणले भरिपूर्ण खाद्य पदार्थ पनि हो । गुन्द्रुकमा फाइबर, आइरन, क्याल्सियम पाइन्छ । यसले पाचन प्रणालीलाई सहज बनाउन, आन्द्राको स्वास्थ्य सुधार गर्न र शरीरलाई आवश्यक पोषक तत्व उपलब्ध गराउन सहयोग गर्ने विश्वास गरिन्छ । पछिल्ला वर्षमा रसायनमुक्त तथा अग्र्यानिक खाद्य पदार्थप्रति उपभोक्ताको आकर्षण बढेसँगै यसको माग पनि बढ्दै गएको छ । यही परिवर्तनले ग्रामीण महिलाले उत्पादन गरेका परम्परागत खाद्यवस्तुको बजारीकरण भएको छ ।

श्रियाको जीवनमा आएको परिवर्तन केवल आर्थिक मात्रै छैन । उनको आत्मविश्वास, सामाजिक पहिचान र निर्णय गर्ने क्षमता पनि बढेको छ । पहिले घरखर्चका लागि श्रीमान्को आम्दानीमा निर्भर रहनुपर्ने उनको अहिले आफ्नै आम्दानीबाट परिवार चलाउन, छोरीको शिक्षामा लगानी गर्न र समूहका अन्य महिलालाई नेतृत्व गर्न सक्षम भएकी छिन् । 'घरमै बसेर केही हुँदैन भन्ने सोच बदलिएको छ,' उनी भन्छिन्, 'अवसर, सीप र बजार पाए गाउँका महिलाले पनि धेरै गर्न सक्छन् भन्ने प्रमाण हामीले दिएका छौँ ।' हेटौँडा उपमहानगरपालिकाको करिब रु एक लाख र सहकारीको रु ८० हजार प्रारम्भिक लगानीबाट सुरु भएको यो उद्यम आज ग्रामीण महिलाको आर्थिक रूपान्तरणको उदाहरण बनेको छ । परम्परागत रूपमा घरभित्र सीमित रहेको गुन्द्रुकलाई व्यवसायमा रूपान्तरण गर्दै महिलाले आफ्नै गाउँमा रोजगारी सिर्जना गरेका छन् । यसले स्थानीय कृषि उत्पादनको मूल्य बढाएको छ भने महिलाको श्रमलाई प्रत्यक्ष आम्दानीसँग पनि जोडेको छ ।

हेटौँडा उपमहानगरपालिका धेरै गृहिणी अहिले साना तथा घरेलु उद्यम सञ्चालन गरेर आत्मनिर्भर बन्दै गएका छन् । कसैले अर्गानिक गुन्द्रुक उत्पादन गरिरहेका छन्, कसैले अचार, धूप, दलमोठ, हस्तकला, बेसार तथा अन्य स्थानीय उत्पादनलाई व्यवसायमा रुपान्तरण गरेका छन् । यसले महिलाको आयआर्जन बढाउनुका साथै स्थानीय स्रोत, सीप र परम्परागत ज्ञानलाई पनि आर्थिक मूल्यसँग जोड्न सफल भएको छ । एक समय आफ्नो परिवारको भविष्यबारे चिन्तित रहने श्रिया आज अरू महिलाका लागि प्रेरणाको स्रोत बनेकी छिन् । उनको कथा केवल एउटा गुन्द्रुक उद्योगको सफलता होइन, अवसर, सीप, स्थानीय सरकारको सहयोग र महिलाको आत्मविश्वास एकसाथ जोडिँदा गाउँमै बसेर पनि सम्मानजनक जीवन र दिगो आम्दानी सम्भव हुन्छ भन्ने जीवन्त उदाहरण हो । रासस

# कङ्गोमा इबोलाको सङ्क्रमण 'तीव्र': डब्लुएचओ



**जेनेभा ।**

प्रजातान्त्रिक गणतन्त्र कङ्गोमा घातक इबोलाको प्रकोप द्रुत गतिमा फैलिरहेको विश्व स्वास्थ्य सङ्गठनले शुक्रबार बताएको छ । डब्ल्यूएचओले भनेको छ, 'सङ्गठनले अझै पनि उत्तरपूर्वी डीआरसीलाई घेर्ने बिग्रँदो अवस्थालाई नियन्त्रण गर्न सङ्घर्ष गरिरहेको छ ।' विश्व स्वास्थ्य सङ्गठनका अफ्रिका आपतकालिन प्रमुख मेरी रोजलिन बेलिजेयरले भने, 'प्रकोप अझै पनि गम्भीर छ र यो तीव्र गतिमा फैलिइरहेको छ । मैले यस्तो अवस्था देखेको छु जुन हरेक दिन विकराल हुँदै गएको छ ।'

उनले जेनेभा भेला भएका पत्रकारहरूलाई जानकारी दिँदै डिआरसीको इतुरी प्रान्तको राजधानी बुनियाबाट भने । प्रजातान्त्रिक गणतन्त्र कङ्गोमा इबोला सङ्क्रमण फैलिएको हल्लाका बावजुत पनि केही समयसम्म सङ्क्रमण पत्ता लागेको थिएन तर मे १५ मा इबोला सङ्क्रमणको प्रकोपको घोषणा गरिएको थियो । यो भाइरसको सङ्क्रमण दुर्लभ 'बुन्डिबुग्यो स्ट्रेन'को कारण हुन्छ, जसको उपचारको लागि कुनै खोप छैन । डब्ल्युएचओको पछिल्लो अपडेट अनुसार कङ्गोमा अहिलेसम्म ८९६ व्यक्तिमा सङ्क्रमण पुष्टि भएको छ भने यसमध्ये २३२ जनामा सङ्क्रमित व्यक्तिको मृत्यु भएको छ । शुक्रबारसम्मको पछिल्लो २४ घण्टामा थप २१ जनामा नयाँ सङ्क्रमण पुष्टि भएको छ ।

कङ्गोमा अस्पतालमा पुगेका ज्ञात सङ्क्रमितमध्ये ९० प्रतिशत भन्दा बढी द्वन्द्वग्रस्त प्रान्त इतुरीमा छन् । यो प्रकोप उत्तरी किभु र दक्षिण किभु प्रान्तहरूमा पनि फैलिएको छ । बेलिजेयरले भने, 'महामारी निकै छिटो फैलिइरहेको छ डब्ल्युटिओले भाइरसलाई नियन्त्रणमा राख्न बेजोड पहलहरू गरिरहेको छ । यो भाइरस निकट सम्पर्क र सङ्क्रमित व्यक्तिको शरिरबाट निस्कने तरल पदार्थका माध्यमबाट सर्छ ।' इबोलाका बिरामीहरूका लागि उपलब्ध उपचार शैयाहरूको संख्या शून्यबाट ५०० भन्दा बढी पुगेको उनले भने । निगरानी टोलीहरूले अब लगभग ४०० सम्भावित सङ्क्रमित व्यक्तिको अवस्थाबारे अनुसन्धान गरिरहेका छन् । 'आफूहरूले एक दिनमा दुई हजारभन्दा बढी परीक्षणहरू गर्न सक्षम छन्,' उनले भने । बेलिजाइरले भने, 'सम्पर्कमा स्वास्थ्य संस्था तथा शिविरहरूमा दर्ता भएका ज्ञात इबोला सङ्क्रमितको सम्पर्क पत्ता लगाउने प्रयासहरू तीव्र भएका छन्, सबै सम्पर्कहरूको ७५ प्रतिशतमा टोली अहिले पुगिसकेको छ ।'

डब्लुएचओले ९५ प्रतिशत सम्पर्कमा आएका व्यक्तिको पहिचान गरी सङ्क्रमण फैलिनुबाट रोक्नुपर्ने बताएको छ । छिमेकी देश युगान्डामा दुई जनाको मृत्यु भएको र १० जना निको भएका छन् । युगान्डामा विगत १२ दिनदेखि कुनै नयाँ सङ्क्रमित फेला परेका छैनन् । रासस

# दैलेखका १० पालिकाले शिक्षा, स्वास्थ्य, प्रविधि र सिँचाइमा जोड



**दैलेख ।**
जिल्लाका १० स्थानीय तहले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि कूल रु छ अर्ब २८ लाखभन्दा बढी वजेट शिक्षा, स्वास्थ्य, प्रविधि र सिँचाइ व्यवस्थाका लागि सार्वजनिक गरेका छन् । एघार स्थानीय तह रहेको दैलेखमा आठबिस नगरपालिकाले आव २०८३/०८४ का लागि भने बजेट पेस गर्न सकेन अन्य पालिकाले आ–आफ्नो बजेट नगर तथा गाउँसभामा प्रस्तुत गरेका छन् ।

बजेटमा पालिकाले स्वास्थ्य, शिक्षा, खानेपानी 'डिजिटल नवप्रवर्तन' र पूर्वाधार कार्यक्रमलाई प्राथमिकतामा समाबेश गरेका छन् । बजेट पेस गर्नेमा नारायण नगरपालिका महावु गाउँपालिका, दुल्लु नगरपालिका, नौमुले र भगवतीमाई गाउँपालिका, चामुण्डाबिन्द्रासैनी नगरपालिका र डुङ्गेश्वर, भैरवी, ठाटीकाँध र गुराँस गाउँपालिकाले शिक्षा, स्वास्थ्य, पूर्वाधार, प्रविधि स्वास्थ्य तथा सिँचाइ क्षेत्रलाई बजेटमा समावेश गरेका हुन् ।

सबैभन्दा बढी दुल्लु नगरपालिकाले रु एक अर्ब पाँच करोड ७० लाख ४९ हजार, गुराँस गाउँपालिकाले रु ७० करोड ३२ लाख ३३ हजार, नारायण नगरपालिकाले रु ६४ करोड १८ लाख ६२ हजार, महावु गाउँपालिकाले रु ६१ करोड २० लाख ९३ हजार र नौमूले गाउँपालिकाले रु ५६ करोड १८ लाख ९८ हजारको वार्षिक बजेट सार्वजनिक गरेका सम्बन्धित नगर तथा गाँउपालिकाले जनाएका छन् ।

त्यसैगरी, भगवतीमाई गाउँपालिकाले रु ५१ करोड ३१ लाख ८६ हजार, चामुण्डाबिन्द्रासैनी नगरपालिकाले रु ५० करोड ७५ लाख ७ हजार, भैरवी गाउँपालिकाले रु ४७ करोड २९ लाख ९० हजार, ठाटीकाँध गाउँपालिकाले रु ४७ करोड २३ लाख २९ हजार र डुङ्गेश्वर गाउँपालिकाले रु ४६ करोड छ लाख ८७ हजार बराबरको वजेट प्रस्तुत गरेका हुन् । रासस

# दैलेखका १० पालिकाले शिक्षा, स्वास्थ्य, प्रविधि र सिँचाइमा जोड

**दैलेख ।**
जिल्लाका १० स्थानीय तहले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि कूल रु छ अर्ब २८ लाखभन्दा बढी वजेट शिक्षा, स्वास्थ्य, प्रविधि र सिँचाइ व्यवस्थाका लागि सार्वजनिक गरेका छन् ।

एघार स्थानीय तह रहेको दैलेखमा आठबिस नगरपालिकाले आव २०८३/०८४ का लागि भने बजेट पेस गर्न सकेन अन्य पालिकाले आ–आफ्नो बजेट नगर तथा गाउँसभामा प्रस्तुत गरेका छन् ।

बजेटमा पालिकाले स्वास्थ्य, शिक्षा, खानेपानी 'डिजिटल नवप्रवर्तन' र पूर्वाधार कार्यक्रमलाई प्राथमिकतामा समाबेश गरेका छन् । बजेट पेस गर्नेमा नारायण नगरपालिका महावु गाउँपालिका, दुल्लु नगरपालिका, नौमुले र भगवतीमाई गाउँपालिका, चामुण्डाबिन्द्रासैनी नगरपालिका र डुङ्गेश्वर, भैरवी, ठाटीकाँध र गुराँस गाउँपालिकाले शिक्षा, स्वास्थ्य, पूर्वाधार, प्रविधि स्वास्थ्य तथा सिँचाइ क्षेत्रलाई बजेटमा समावेश गरेका हुन् ।

सबैभन्दा बढी दुल्लु नगरपालिकाले रु एक अर्ब पाँच करोड ७० लाख ४९ हजार, गुराँस गाउँपालिकाले रु ७० करोड ३२ लाख ३३ हजार, नारायण नगरपालिकाले रु ६४ करोड १८ लाख ६२ हजार, महावु गाउँपालिकाले रु ६१ करोड २० लाख ९३ हजार र नौमूले गाउँपालिकाले रु ५६ करोड १८ लाख ९८ हजारको वार्षिक बजेट सार्वजनिक गरेका सम्बन्धित नगर तथा गाँउपालिकाले जनाएका छन् ।

त्यसैगरी, भगवतीमाई गाउँपालिकाले रु ५१ करोड ३१ लाख ८६ हजार, चामुण्डाबिन्द्रासैनी नगरपालिकाले रु ५० करोड ७५ लाख ७ हजार, भैरवी गाउँपालिकाले रु ४७ करोड २९ लाख ९० हजार, ठाटीकाँध गाउँपालिकाले रु ४७ करोड २३ लाख २९ हजार र डुङ्गेश्वर गाउँपालिकाले रु ४६ करोड छ लाख ८७ हजार बराबरको वजेट प्रस्तुत गरेका हुन् । रासस

# बञ्जीजम्पप्रति भारतीय पर्यटकको आकर्षण बढ्दो



**हरिप्रसाद बास्तोला**
**गण्डकी ।**
पर्यटकीय नगरी पोखरामा साहसिक खेल बञ्जीजम्पप्रति भारतीय पर्यटकको आकर्षण बढेको पाइएको छ । पोखरा महानगरपालिका–१७ रातोपैह्लामा बञ्जी नेपालले सञ्चालनमा ल्याएको बञ्जीजम्प गर्नेमा सबैभन्दा बढी भारतीय पर्यटक रहेका छन् । गत जेठमा ५०० जनाले बञ्जीजम्प गरेकामा त्यस मध्ये ५० प्रतिशत सहासिक भारतीय पर्यटक रहेको बञ्जी नेपाल एडभेन्चर्स प्रालिका अध्यक्ष दुर्गादत्त खरेलले जानकारी दिए ।

एकै महिनामा कम्पनीले त्यसबाट रु ३७ लाख ५० हजारभन्दा बढी आम्दानी गर्न सफल भएको छ । उनका अनुसार विगतको तुलनामा यस वर्षको वैशाख, जेठ र असारमा बञ्जीजम्प गर्नेको संख्यामा उल्लेखनीय रूपमा वृद्धि भएको छ । सडक तथा हवाई पहुँच सहज बन्दै जाँदा भारतीय पर्यटकको पोखरा आगमनमा उल्लेख्य वृद्धि भएको छ । पछिल्लो समय दैनिकजसो भारतीय युवाको समूह बञ्जीजम्प गर्न आउने गरेको पाइएको छ ।

विदेशमा रोजगारी तथा उच्च शिक्षाका लागि गएका नेपाली युवा छुट्टीमा स्वदेश फर्किएपछि पोखरा घुमघामसँगै साहसिक खेलको अनुभव गर्ने चाहना राख्ने क्रम पनि बढेको छ । उनीहरूका लागि बञ्जीजम्प छुट्टीको विशेष आकर्षण बन्न थालेको अध्यक्ष खरेलको भनाइ छ । उनले भने, 'छ वर्षअघि सञ्चालनमा आएको बञ्जी नेपालले हालसम्म १५ हजारभन्दा बढी व्यक्तिलाई बञ्जीजम्प गराइसकेको छ । कम्पनीले प्रत्येक व्यक्तिबाट रु सात हजार ५०० शुल्क लिने गरेको छ । जसमा फोटो, भिडियो र टिसर्ट उपहारको समेत व्यवस्था गरेको छ ।' एक सय एक मिटरको गहिराइमा हामफाल्ने उक्त बञ्जीजम्पको सबैभन्दा ठूलो विशेषता भनेको प्राकृतिक दृश्य हो ।

उनले भने, 'हामफाल्ने क्रममा एकातिर माछापुच्छ्रे र अन्नपूर्ण हिमश्रृङ्खलाको मनमोहक दृश्य देखिन्छ भने अर्कातर्पm तल बगेको सेती खोंच र वरपरको हरियालीले साहसिक अनुभवलाई अझ रोमाञ्चक बनाइदिन्छ ।' यही दृश्यावलोकनका कारण धेरै पर्यटकले पोखराको बञ्जीलाई जीवनकै अविस्मरणीय अनुभवका रूपमा लिने गरेका छन् ।

बञ्जी नेपालका संस्थापक अध्यक्ष सन्तोष भट्टराईसहित ११ जना पोखराका युवा उद्यमीले उक्त संस्थामा संयुक्त रूपमा रु आठ करोड २५ लाख लगानी गरेका हुन् । क्यान्टिलिभर ब्रिजको डिजाइनमा बनाएको ३५ मिटर अग्लो टावरको फेदबाट बञ्जीजम्पका लागि ५५ मिटर लामो प्लेटफर्म निर्माण गरिएको छ ।

सेती नदीको खोंचमा बनेको र फराकिलो हिमश्रृङ्खला हेर्दै जम्प गर्न पाइने भएकाले वञ्जीजम्पमा थप आकर्षण बढ्ने विश्वास गरिएको छ । बञ्जी सञ्चालनमा आएसँगै अप्रत्यक्ष रूपमा स्थानीयलाई रोजागरी, पर्यटन व्यवसाय र आसपासका होटल, रेष्टुरेन्ट तथा यातायात क्षेत्रमा समेत आर्थिक गतिविधि बढाएको छ ।

कम्पनीमा हाल २० जनाले प्रत्यक्ष रोजगार प्राप्त गरेको कम्पनीका कार्यकारी निर्देशक मीना बरालले जानकारी दिए । प्रत्येक वर्ष कम्पनीले नेपाल सरकारलाई दुईदेखि साढे दुई लाखसम्म राजस्व बुझाउँदै आएको छ । पोखरामा प्याराग्लाइडिङ, जिपलाइन, अल्ट्रालाइट, हटएयर बेलुनजस्ता साहसिक गतिविधिसँगै बञ्जीजम्प पनि महत्त्वपूर्ण पर्यटन उत्पादनका रूपमा स्थापित हुँदै गएको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश प्रमुख मणिराज लामिछानेले बताए । विदेशी मुद्रा आर्जन, युवालाई रोजगारी तथा पोखराको पर्यटन प्रवद्र्धनमा यस्ता साहसिक खेलले उल्लेखनीय योगदान पुर्याइरहेका छन् । उनका अनुसार पर्यटन व्यवसायीहरूका अनुसार साहसिक पर्यटनका यस्ता गन्तव्यलाई स्थानीय समुदाय, निजी क्षेत्र र सरकारी निकायबीचको सहकार्यबाट अझ व्यवस्थित रूपमा प्रवद्र्धन गर्न सके पोखराले अन्तर्राष्ट्रिय साहसिक पर्यटन गन्तव्यका रूपमा थप उचाइ हासिल गर्न सक्नेछ ।

पोखराको मुख्य पर्यटकीयस्थलबाट करिब तीन मिलोमिटर दूरीमा रहेको बञ्जी कतिपय आन्तरिक पर्यटकको यही प्रयोजनका लागि पोखरा बसाइ लम्बिन सक्छ । तर एकैदिनमा बञ्जीजम्प गरेर फर्कन पनि सकिने छ । प्रमुख लामिछानेका अनुसार गण्डकी प्रदेशमा कुश्मासहित पोखरा रातोपैह्रा र हेमजामा पनि बञ्जी सञ्चालन गरिएको छ । रासस

# खेल क्षेत्रमा लगानी बढाउन बालबालिकाको माग

**कैलाली ।**
कैलालीका बालबालिकाले बालबालिकाका लागि खेलमैदान, बाल उद्यान निर्माणजस्ता संरचना निर्माणमा लगानी गर्न माग गरेका छन् । विद्यालय समयबाहेकको समय बिताउने ठाउँको अभावले बालबालिका गलत कार्यमा लाग्न थालेकाले बालबालिका खेल्ने र सिकाइ हुने खालका संरचना निर्माणमा स्थानीय सरकारले ध्यान दिनुपर्ने बालबालिकाले माग गरेका हुन् ।

कैलालीको घोडाघोडी वडा नं २ की बालिका आयुषा सज्यालले बालबालिकालाई लागुपदार्थ, बालविवाह र सामाजिक सञ्जालको गलत प्रयोगबाट जोगाउन हरेक वडामा व्यवस्थित खेलमैदान बनाउनुपर्ने र साना बालबालिका खेल्ने बालउद्यान आवश्यक रहेको बताइन् । 'प्रविधिको गलत प्रयोगमा बालबालिका फसिरहेका छन्,' उनले भनिन्, 'बालबालिका र देशको भविष्यका लागि विद्यालय समयपछि बालबालिका व्यस्त राख्ने खालका संरचना र योजना बनाउन आवश्यक छ ।'

घोडाघोडी नगरस्तरीय बाल क्लबका अध्यक्ष तथा तेक्वान्दो खेलाडी हेमा न्यौपानेले खेलाडी बालबालिकालाई अध्ययनमा समेत विशेष प्रोत्साहन आवश्यक रहेको बताए । हेमा तेक्वान्दोको जिल्लास्तरीय खेलाडी हुन् । उनले गत वर्ष तेक्वान्दोमा कैलाली जिल्लामा द्वितीय स्थान हासिल गरेका थिए । 'एकातिर पर्याप्त खेल वातावरण छैन, त्यसैमा खेल क्षेत्रमा राम्रो गरिरहेका बालबालिकालाई छात्रवृत्ति, विशेष अध्ययनको वातावरण मिलाइदिनुपर्छ,' उनले भने, 'जेहेन्दार भनेको पढाइमा मात्र होइन, खेलमा, गीतसङ्गीतमा वा अन्य विधामा पनि हुन सक्छ ।'

हेमाले छात्रवृत्तिका लागि विद्यालयमा आवेदन दिए पनि नपाएको गुनासो गरे । 'खेल क्षेत्रमा सफलता मिलेमा आत्मविश्वास बढ्ने रहेछ । नेतृत्व र बोल्ने कलाको पनि विकास हुन्छ,' उनले भने, 'विद्यालयमा अतिरिक्त क्रियाकलाप बढाउने, लागुऔषधबारे विद्यार्थी सचेत गराउने कार्य पनि नियमित हुनुपर्छ ।'

घोडाघोडी–३ जुडपानीका अमित चौधरीले पालिकाले बालबालिका र अभिभावकलाई सचेत बनाउन हरेक समुदायमा रूपान्तरण कक्षा सञ्चालन गर्नुपर्ने माग गरे । 'म हरेक साता शनिबारको दिन बाल कल्याण सङ्घले सञ्चालन गरेको रूपान्तरण कक्षामा सहभागी भएपछि धेरै आनीबानीमा सुधार भयो,' उनले भने, 'रूपान्तरण कक्षामा सहभागी भएमा हामीमा धेरै सुधार आएको छ । व्यवहार परिवर्तनदेखि सिकाइमा रुचि बढेको, गलत बाटोबाट जोगिन सहयोग भएको छ । बालबालिका जोगाउन यस्ता कार्य पालिकाले गर्नुपर्छ ।'

बालबालिकाहरू नै सही र गलत छुट्याउने ज्ञान नभएकाले समाजमा बालविवाह धेरै बढेको गुनासो गर्छन् । बालबालिका प्रेममा परेर कम उमेरमै गरिने विवाहले समस्या निम्त्याएको बालबालिकाकै भनाइ छ । घोडाघोडी ५ की शर्मिला रोक्काले सरकारको लक्ष्यअनुसार बालमैत्री स्थानीय शासन पालिका घोषणाका लागि बालबालिकामै लगानी बढाउन माग गरिन् । 'प्रतिफल तत्काल नदेखिएला तर बालबालिकाको भविष्यबारे सोचेर काम गरे पछिको समाज सुन्दर हुनेछ,' उनले भनिन्, 'बालबालिकाको शिक्षा, पोषणसँगै बालविवाह न्यूनीकरणमा पनि अझै योजना बनाएर काम गर्नुपर्छ ।' रासस

# 'आफ्नै रोजाइको भाडा, यहाँ मात्र' नारासहित इनड्राइभको नयाँ प्यासेन्जर ३६० डिग्री क्याम्पेन सुरु

**मधेशदृष्टि**
**काठमाडौं ।**
विश्वव्यापी मोबिलिटी तथा डेलिभरी प्लेटफर्म इनड्राइभ नेपालले यात्रुको छनोट, पारदर्शी भाडादर र सहज शहरी आवागमनलाई प्रवद्र्धन गर्ने उद्देश्यसहित 'आफ्नै रोजाइको भाडा । यहाँ मात्र ।' भन्ने मूल नारामा आधारित नयाँ प्यासेन्जर ३६० डिग्री क्याम्पेन सार्वजनिक गरेको छ । कम्पनीका अनुसार सन् २०२६ को जुनदेखि सुरु भएको यो क्याम्पेन सेप्टेम्बरसम्म काठमाडौं केन्द्रित रूपमा सञ्चालन हुनेछ । अभियानमार्फत यात्रुलाई आफ्नै आवश्यकताअनुसार यात्रा छनोट गर्ने स्वतन्त्रता, भाडामा पारदर्शिता तथा सुरक्षित र भरपर्दो मोबिलिटी अनुभव प्रदान गर्ने लक्ष्य राखिएको कम्पनीले जनाएको छ ।




काठमाडौंजस्तो व्यस्त महानगरमा ट्राफिक जाम, समयको चाप र सार्वजनिक यातायातको अनिश्चितताबीच यात्रुले सहज र विश्वासिलो सेवा खोजिरहेका बेला इनड्राइभले यात्रु–केन्द्रित सेवा मोडललाई थप प्रभावकारी रूपमा अघि सारेको जनाएको छ । कम्पनीका अनुसार यात्रु र चालकबीच आपसी सहमतिमा भाडा तय हुने प्रणालीले यात्रालाई थप पारदर्शी र लचिलो बनाएको छ ।

नेपालमा सेवा सञ्चालन गर्दै आएको इनड्राइभले यात्रुलाई एपमार्फत आफूले तिर्न चाहेको भाडा प्रस्ताव गर्ने, उपलब्ध चालकहरूको विवरण हेरेर आफूअनुकूल चालक छनोट गर्ने तथा यात्रा स्वीकार गर्नुअघि नै आवश्यक जानकारी प्राप्त गर्ने सुविधा उपलब्ध गराउँदै आएको जनाएको छ ।

चालकले यात्रुको प्रस्ताव स्वीकार गर्न, अस्वीकार गर्न वा वैकल्पिक भाडा प्रस्ताव गर्न सक्ने व्यवस्था रहेको र अन्तिम निर्णय दुवै पक्षको सहमतिपछि मात्र हुने कम्पनीले स्पष्ट पारेको छ । कम्पनीका अनुसार क्याम्पेन अवधिभर डिजिटल भिडियो, सामाजिक सञ्जाल सामग्री, आउट–अफ–होम विज्ञापन, इन्फ्लुएन्सरसँगको सहकार्य, इन–एप गतिविधि तथा काठमाडौंका विभिन्न स्थानमा प्रत्यक्ष प्रवद्र्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

अभियानमा बिहान काममा निस्कने कर्मचारीदेखि राति अबेरसम्म यात्रा गर्ने व्यक्ति, विद्यार्थी, युवा पेसाकर्मी तथा सुरक्षित र स्वतन्त्र रूपमा आवागमन गर्न चाहने महिलासम्मका काठमाडौंवासीको दैनिक यात्रा अनुभवलाई प्राथमिकताका साथ प्रस्तुत गरिने कम्पनीले जनाएको छ । प्रत्येक यात्रुको आवश्यकता, समय र बजेट फरक हुने भएकाले उनीहरूलाई आफ्नै रोजाइअनुसार यात्रा गर्ने अवसर उपलब्ध गराउने सन्देश अभियानको मुख्य केन्द्रमा रहनेछ ।

इनड्राइभ नेपालकी कन्ट्री रिप्रिजेन्टेटिभ रिता पोखरेलले काठमाडौंका यात्रुले सहज सेवासँगै स्पष्ट भाडादर, भरपर्दोपना र यात्रा छनोट गर्ने स्वतन्त्रतालाई महत्व दिने गरेको बताइन् । उनले 'आफ्नै रोजाइको भाडा । यहाँ मात्र ।' अभियान यात्रुलाई थप पारदर्शी, सहज र आत्मविश्वासपूर्ण यात्रा अनुभव प्रदान गर्ने कम्पनीको प्रतिबद्धताको प्रतिबिम्ब भएको उल्लेख गरिन् । इनड्राइभले यस अभियानमार्फत अनुमानयोग्य र पारदर्शी भाडादर, यात्रुको छनोटको अधिकार तथा दैनिक आवागमनलाई सहज बनाउने प्लेटफर्मका रूपमा आफ्नो पहिचानलाई अझ सुदृढ बनाउने विश्वास व्यक्त गरेको छ ।

## सेवा बन्द, तर जोखिम भत्ता वितरणः

# पोखरिया अस्पतालमा आर्थिक अनियमितताको आशंका




**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको पोखरिया नगरपालिकास्थित प्रादेशिक अस्पतालमा एक्स–रे र प्रयोगशाला (ल्याब) सेवा करिब एक वर्षदेखि प्रभावकारी रूपमा सञ्चालनमा नरहेकै अवस्थामा ती सेवामा कार्यरत केही कर्मचारीलाई जोखिम भत्ता वितरण गरिएको तथ्य बाहिरिएपछि आर्थिक अनियमितताको आशंका उत्पन्न भएको छ । स्रोतका अनुसार अस्पतालको एक्स–रे तथा ल्याब शाखामा कार्यरत राज कुशवाहा, राजु मण्डल, दिपक चौरसिया र सेराजुल अंसारीले जनही ८० हजार रुपैयाँका दरले जोखिम भत्ता प्राप्त गरेका छन् । सेवा नै सञ्चालनमा नरहेको अवस्थामा जोखिम भत्ता वितरण गरिएको भन्दै स्थानीयस्तरमा सार्वजनिक स्रोतको दुरुपयोग भएको आरोप लागेको छ।

सरोकारवालाहरूले सेवा बन्द रहेको अवधिमा जोखिम भत्ता उपलब्ध गराइनु प्रचलित व्यवस्था र मापदण्डविपरीत भएको दाबी गरेका छन् । उनीहरूले भत्ता वितरणको औचित्यमाथि प्रश्न उठाउँदै सम्पूर्ण प्रक्रियाको निष्पक्ष छानबिन गर्न सम्बन्धित निकायसँग माग गरेका छन् । स्रोतका अनुसार अस्पताल प्रशासनका जिम्मेवार अधिकारी तथा लेखा शाखाबीचको मिलेमतोमा उक्त भत्ता वितरण गरिएको हुन सक्ने आशंका गरिएको छ । लामो समयदेखि एक्स–रे र ल्याब सेवा प्रभावकारी रूपमा सञ्चालनमा नआए पनि कर्मचारीलाई जोखिम भत्ता उपलब्ध गराइनुले अनियमितताको आशंका थप बलियो बनेको स्थानीयको भनाइ छ । स्थानीयवासी तथा सरोकारवालाले जोखिम भत्ता वितरणको आधार, भुक्तानी पाउने कर्मचारीको विवरण र रकम निकासासम्बन्धी सम्पूर्ण प्रक्रिया सार्वजनिक गर्न माग गरेका छन्। साथै घटनाको स्वतन्त्र र निष्पक्ष अनुसन्धान गरी तथ्यका आधारमा दोषी देखिएकामाथि कानुनबमोजिम कारबाही गर्न उनीहरूले आग्रह गरेका छन् । यस विषयमा अस्पतालको एक्स–रे शाखामा कार्यरत कर्मचारी राजु मण्डलले आफूहरूले जोखिम भत्ता बुझेको स्वीकार गरेका छन् । उनका अनुसार एक्स–रे सेवा चैत महिनाको अन्तिम सातादेखि मात्र बन्द भएको हो । मण्डलले एक्स–रे मेसिन पूर्ण रूपमा बिग्रिएको नभई त्यसको फिल्टरमा समस्या आएपछि सेवा प्रभावित भएको दाबी गरेका छन् । यद्यपि सेवा बन्द रहेको वास्तविक अवधि र जोखिम भत्ता वितरणको औचित्यबारे भने विभिन्न दाबी सार्वजनिक भइरहेका छन्।

## वीरगंज महानगरलाई साक्षर पालिका

# घोषणाको तयारी अन्तिम चरणमा



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिकालाई चालु असार महिनाभित्रै पूर्ण साक्षर पालिका घोषणा गर्ने तयारी अन्तिम चरणमा पुगेको छ । महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखाले यसका लागि आवश्यक प्रक्रिया द्रुत गतिमा अघि बढिरहेको जनाएको छ । बुधबार युवालयको आयोजनामा सम्पन्न 'बाल अधिकार संरक्षण र संवद्र्धनमा सञ्चारकर्मीको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै शैक्षिक प्रशासन महाशाखा प्रमुख आनन्द लामिछानेले महानगरका कुल ३२ वडामध्ये २७ वटा वडा साक्षर घोषणा भइसकेको र बाँकी ५ वटा वडा पनि अन्तिम चरणमा रहेको जानकारी दिए।

उनका अनुसार २२ वटा वडाले तोकिएको मापदण्ड पूरा गरी साक्षरता हासिल गरिसकेका छन् भने ५ वटा वडा अघिल्लो नगर प्रमुखको कार्यकालमै साक्षर घोषणा भइसकेका थिए । हाल बाँकी रहेका ५ वडामा आवश्यक प्रक्रिया पूरा गर्ने काम अन्तिम चरणमा पुगेको छ । यही असारभित्रै वीरगञ्ज महानगरलाई पूर्ण साक्षर घोषणा गरिने प्रमुख लामिछानेले बताए। नेपाल सरकारको मापदण्डअनुसार १५ देखि ६० वर्ष उमेर समूहका कम्तीमा ९५ प्रतिशत व्यक्ति साक्षर भएमा स्थानीय तहलाई पूर्ण साक्षर घोषणा गर्न सकिने कानुनी व्यवस्था छ।

महानगरमा रहेका आठ सामुदायिक सिकाइ केन्द्रमध्ये हाल सक्रिय रहेका छ केन्द्रलाई परिचालन गरी साक्षरता अभियान सञ्चालन गरिएको महाशाखाले जनाएको छ । महाशाखा प्रमुख लामिछानेले महानगरपालिकाले १० वर्षे शिक्षा योजना निर्माणको कामसमेत अघि बढाइरहेको जानकारी दिँदै विषयगत शिक्षकको अभावका कारण सामुदायिक विद्यालयमा पठनपाठन केही प्रभावित भइरहेको उल्लेख गरे। सोही कार्यक्रममा महिला विकास अधिकृत रञ्जना पण्डितले बाल उद्धार कोष स्थापना भए पनि जनप्रतिनिधिको पर्याप्त सहयोग नपाउँदा त्यसलाई पूर्ण रूपमा सञ्चालनमा ल्याउन नसकिएको गुनासो गरिन्।

त्यस्तै, शिक्षाका लागि राष्ट्रिय अभियानका अभियन्ता राम प्रवेश साहले बालअधिकारसम्बन्धी कानुनी तथा नीतिगत व्यवस्था पर्याप्त भए पनि कार्यान्वयन पक्ष कमजोर रहेको बताए । उनले बालअधिकारको प्रभावकारी कार्यान्वयनका लागि सबै सरोकारवाला पक्षबीच बलियो समन्वय र सहकार्य आवश्यक रहेकोमा जोड दिए। कार्यक्रमको सहजीकरण युवालयका राहुल साहले गरेका थिए।

## युवामैत्री बजेटको माग गर्दै मुख्यमन्त्रीलाई ज्ञापनपत्र,

# रेडबुक संशोधन गर्न आग्रह



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारको आर्थिक वर्ष २०८३/८४ को बजेटमा युवामुखी कार्यक्रम र बजेट समावेश नगरिएको भन्दै युवा अभियन्ताहरूले मुख्यमन्त्री कृष्णप्रसाद यादवलाई ज्ञापनपत्र बुझाएका छन् । उनीहरूले प्रदेश सभाबाट रेडबुक पारित हुनुअघि बजेट संशोधन गरी युवाका लागि छुट्टै कार्यक्रम र बजेट सुनिश्चित गर्न माग गरेका हुन्।

युवा अभियन्ता मो. नइम राइनको नेतृत्वमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पुगेको प्रतिनिधिमण्डलले प्रदेशको ठूलो जनसंख्या युवा भए पनि बजेटमा उनीहरूका आवश्यकता बेवास्ता गरिएको उल्लेख गर्दै सरकारको ध्यानाकर्षण गराएको छ । ज्ञापनपत्रमा खेलकुद तथा समाज कल्याण मन्त्रालयअन्तर्गत रहेको युवा महाशाखाका लागि समेत बजेट विनियोजन नगरिनु दुर्भाग्यपूर्ण भएको उल्लेख गरिएको छ । नीति तथा कार्यक्रममा युवालाई प्राथमिकता दिइए पनि बजेटमा त्यसको प्रभाव नदेखिएको भन्दै तत्काल सुधार गर्न आग्रह गरिएको छ।

युवाहरूले रेडबुक संशोधन गरी युवा महाशाखा तथा युवामुखी कार्यक्रमका लागि छुट्टै बजेट विनियोजन गर्न, प्रदेश युवा नीति स्वीकृत गरी कार्यान्वयनमा ल्याउन, प्रदेश युवा परिषद् गठन गर्न तथा नेतृत्व विकास, उद्यमशीलता, नवप्रवर्तन, स्वयंसेवा र सामाजिक रूपान्तरणसँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्न माग गरेका छन्।

ज्ञापनपत्र बुझाउँदै युवा अभियन्ता मो. नइम राइनले युवाको भविष्यलाई बेवास्ता नगरी उनीहरूको क्षमता विकास र अवसर सिर्जनामा सरकारले प्राथमिकता दिनुपर्ने बताए।

ज्ञापनपत्र ग्रहण गर्दै मुख्यमन्त्री कृष्णप्रसाद यादवले युवाहरूले उठाएका मागप्रति प्रदेश सरकार संवेदनशील रहेको बताउँदै प्रदेश सभाबाट बजेट पारित हुनुअघि आवश्यक समन्वय र सम्भावित संशोधनका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गरे।

## उखु किसानको

# अनुदान रकम रोकियो



**मधेशदृष्टि**
**सर्लाही।**
सर्लाहीका उखु किसानका लागि सङ्घीय सरकारले निकासा गरेको ४१ करोड २२ लाख २१ हजार ८ सय ६९ रुपैयाँ ५० पैसा अनुदान रकम रोकिएको छ । चिनी उद्योगहरूले किसानको विवरण समयमै उपलब्ध नगराउँदा कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका)मै रोकिएको छ।

कोलेनिकाका प्रमुख कोष नियन्त्रक पदमप्रसाद पौडेलका अनुसार अनुदान रकम असार १६ गते नै कार्यालयमा प्राप्त भएको हो । जिल्लाका तीनवटा चिनी उद्योगले उपलब्ध गराएको उखु क्रसिङको एकमुष्ट विवरणका आधारमा सरकारले प्रतिक्विन्टल ७० रुपैयाँका दरले अनुदान पठाएको थियो । उखु क्रसिङ सिजन २०८२–८३ मा इन्दुशङ्कर चिनी उद्योग (हरिवन), महालक्ष्मी चिनी उद्योग (बगदह) र अन्नपूर्ण चिनी उद्योग (धनकौल)ले जिल्लाका १८ हजार ३ सय ५१ किसानबाट खरिद गरेको ५८ लाख ८८ हजार ८ सय ८३.८५ क्विन्टल उखुका आधारमा अनुदान रकम निकासा गरिएको हो। असार १८ गते सदरमुकाम मलंगवामा बसेको अनुदान भुक्तानी समितिको बैठकमा तीन दिनभित्र किसानको नाम, ठेगाना, बैंक खाता र खरिद गरिएको उखुको विवरण उपलब्ध गराउने सहमति भए पनि उद्योगहरूले तोकिएको समयभित्र विवरण नबुझाएको कोलेनिकाले जनाएको छ।

## नारायणी अस्पतालमा 'क्याथ ल्याब' जडान अन्तिम चरणमा,

# मुटुरोग उपचार सेवा छिट्टै सञ्चालन हुने



**मधेशदृष्टि**
**वीरगंज।**
लामो समयदेखि सञ्चालनमा आउन नसकेको नारायणी अस्पतालको क्याथ ल्याब मेसिन अन्ततः जडानको अन्तिम चरणमा पुगेको छ। स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले उपकरण जडानको काम अन्तिम अवस्थामा पुगेको जानकारी दिँदै सेवा सञ्चालनको तयारी तीव्र बनाइएको जनाएको छ।

२०७६ साल चैत महिनामा खरिद गरिएको उक्त अत्याधुनिक मेसिन विभिन्न प्राविधिक तथा प्रशासनिक कारणले हालसम्म प्रयोगमा आउन सकेको थिएन । वर्षौंको प्रतीक्षापछि जडान प्रक्रिया अन्तिम चरणमा पुगेसँगै अस्पतालमा मुटुरोगसम्बन्धी विशिष्टीकृत सेवा सुरु गर्ने तयारी अघि बढाइएको मन्त्रालयले जनाएको छ।

क्याथ ल्याब सेवा सञ्चालन भएपछि मधेस प्रदेशका बिरामीले मुटुसम्बन्धी जाँच तथा उपचारका लागि काठमाडौं वा अन्य सहर धाउनुपर्ने बाध्यता उल्लेखनीय रूपमा घट्ने विश्वास गरिएको छ । विशेषगरी एन्जियोग्राफी, एन्जियोप्लास्टी लगायत मुटुरोगसम्बन्धी आवश्यक सेवाहरू आफ्नै प्रदेशमै उपलब्ध हुने अपेक्षा गरिएको छ। स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका अनुसार यस सेवाको शुभारम्भसँगै मधेस प्रदेशका साथै आसपासका जिल्लाका सेवाग्राहीले गुणस्तरीय, सहज र समयमै मुटुरोग उपचार सेवा प्राप्त गर्नेछन् । यसले उपचारका लागि लाग्ने समय, खर्च र बिरामीको सास्तीसमेत कम हुने विश्वास मन्त्रालयको छ ।मन्त्रालयले जडान कार्य सम्पन्न भएपछि आवश्यक प्राविधिक तयारी पूरा गरी क्याथ ल्याब सेवा औपचारिक रूपमा सञ्चालनमा ल्याइने जनाएको छ।

## नक्कली भुटानी शरणार्थी प्रकरणः

# उपप्रधान एवं गृहमन्त्रीसहित १५ जना दोषी




**मधेशदृष्टि**
**काठमाडौँ।**
नक्कली भुटानी शरणार्थी प्रकरणमा पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, पूर्वगृहमन्त्री बालकृष्ण खाण र पूर्वगृह सचिव टेकनारायण पाण्डेसहित १५ जना दोषी ठहर भएका छन्। मुद्दा दायर भएको तीन वर्षपछि जिल्ला अदालत काठमाण्डौका न्यायाधीश तेजबहादुर खड्काको इजलासले हिजो उनीहरूलाई दोषी ठहर गरेको हो।

अदालतले रायमाझी, खाण र पाण्डेसहित केशव दुलाल, सानु भण्डारी, सागर राई, सन्देश शर्मा, तत्कालीन गृहमन्त्री रामबहादुर थापा बादलका सुरक्षा सल्लाहकार इन्द्रजित राई, गोविन्द चौधरी, कांग्रेसका पूर्वसांसद आङटावा शेर्पा, हज कमिटीका तत्कालीन अध्यक्ष शमशेर मियाँ, तत्कालीन गृहमन्त्री खाणका स्वकीय सचिव नरेन्द्र केसी, बिचौलिया हरिभक्त महर्जन, निरञ्जनकुमार खरेल र बेचन झालाई दोषी ठहर गरेको हो।

मुद्दाका प्रतिवादी सन्दीप रायमाझी सहित ७ जनाले सफाइ पाएका छन् । प्रतिवादीहरू सन्दीपसहित रामशरण केसी, टंककुमार गुरुङ, प्रतीक थापा, लक्ष्मी महर्जन, केशव तुलाधर र आशिष बुढाथोकीलाई कसुर पुष्टि नभएको भन्दै अदालतले सफाइ दिएको हो।

## मलको कृत्रिम अभाव रोक्न

# स्थानीय तहलाई निर्देशन



**मधेशदृष्टि**
**महोत्तरी।**
धान रोपाइँको मुख्य सिजनमा किसानले रासायनिक मलको अभाव खेप्न नपरोस् भन्ने उद्देश्यले जिल्ला प्रशासन कार्यालय महोत्तरीले जिल्लाका सबै स्थानीय तहलाई मलको मौज्दात, बिक्री–वितरण र मूल्यको अनुगमन गर्न निर्देशन दिएको छ।

सहायक प्रमुख जिल्ला अधिकारी सञ्जय कुमार पोखरेलद्वारा जारी पत्रमा स्थानीय तहलाई आफ्नो क्षेत्रभित्र रहेका मल बिक्री केन्द्र तथा सहकारी संस्थाको स्थलगत अनुगमन गरी यथाशीघ्र प्रतिवेदन पेश गर्न आग्रह गरिएको छ।

प्रशासनले यूरिया, डिएपी र पोटासलगायत रासायनिक मलको आपूर्ति सहज बनाउने, कृत्रिम अभाव सिर्जना हुन नदिने तथा कालोबजारी नियन्त्रणका लागि अनुगमनलाई प्रभावकारी बनाउन आवश्यक कदम चाल्न निर्देशन दिएको जनाएको छ।

स्थानीय तहले अनुगमनका क्रममा मल बिक्री केन्द्रको नाम–ठेगाना, विभिन्न प्रकारका मलको मौज्दात, बिक्री भइरहेको मूल्य, नेपाल सरकारले निर्धारण गरेको मूल्यसूचीको पालना भए–नभएको, कृत्रिम अभाव वा कालोबजारीको अवस्था लगायतका विषय समेटेर प्रतिवेदन तयार गर्नुपर्नेछ।

यस्तै, अनुगमनका क्रममा देखिएका समस्या, चुनौती तथा समाधानका लागि आवश्यक सुझावसमेत प्रतिवेदनमा समावेश गर्न प्रशासनले स्थानीय तहलाई निर्देशन दिएको छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन